# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ४६ पूर्णाङ्क ९५ | २०७५ जेठ ७ गते सोमबार | Monday, May 21, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## बुटवलमा 'युवा मार्चपास' सम्पन्न




बुटवल । नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिगको ५ नं. प्रदेशको आयोजनामा गरिएको युवा मार्चपास बुटवलमा सान्दार ...बाँकी ७ पेजमा

# जुझारु युवा शक्ति तयार पार्दै क्रान्तिकारी माओवादी

● वर्गदृष्टि संवाददाता



काठमाडौं । नेपालमा नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको नेकपा (क्रान्तिकारी माओवादी) अहिले देशव्यापी रूपमा जुझारु युवा शक्ति निर्माणमा जुटेको छ । पछिल्लोपटक पार्टीको युवा संगठन क्रान्तिकारी युवा लिगका देशव्यापी गतिविधिहरू बढेर गएका छन् भने युवाहरूको वैचारिक, राजनीतिक तथा शारीरिक प्रशिक्षणलाई तीव्रता दिइएको छ ।

पार्टीको निर्णय र लिगको आयोजनामा ३ नं. प्रदेशको मकवानपुरबाट सुरु भएको क्रान्तिकारी युवाहरूको शारीरिक प्रशिक्षण अहिले २ नं.को सिरहा, ५ नं. को कपिलवस्तु हुँदै १ नं. प्रदेशको ओखलढुंगामा भइरहेको छ । पार्टीको पाँच महिने संगठन विस्तार तथा जनपरिचालन अभियानकै बीचमा क्रान्तिकारी युवा लिगको ३ नं. प्रदेशको आयोजनामा १४ बैशाखमा सैयौं युवाहरूको सहभागितामा काठमाडौंमा युवा मार्चपास सम्पन्न गरियो । त्यस्तै २ जेठमा ५ नं. प्रदेशको बुटवलमा पनि युवा मार्चपास सम्पन्न गरिएको छ । चारवटै प्रदेशमा चलाइएको युवाहरूको वैचारिक, राजनीतिक तथा शारीरिक प्रशिक्षणको उद्घाटन पार्टी महासचिव मोहन वैद्य' किरण'ले गर्नुभएको छ । र, युवा मार्चपासलाई पनि महासचिव किरणले नै सम्बोधन गर्नुभएको छ । युवाहरूलाई जुझारु बनाउने उद्देश्यले मार्सल आर्ट्स, लाठी चलाउने लगायत सामान्य परेड खेलाइएको छ । क्रान्तिकारी माओवादीले ७ वटै प्रदेशहुँदै जिल्ला जिल्लामा युवाहरूलाई प्रशिक्षित पार्दै जुझारु शक्तिको रूपमा विकास गर्ने तयारी गरिरहेको छ ।

३ नं. प्रदेशको पार्टी निर्णय तथा क्रान्तिकारी युवा लिग ३ नं. प्रदेशको आयोजनामा २०७४ साल फागुन २८-२ चैतसम्म ५ दिने वैचारिक, राजनीतिक, सांगठनिक तथा शारीरिक प्रशिक्षणको उद्घाटन मकवापनुर जिल्लाको हेटौडा उपमहानगरपालिका हर्नामादीको गुम्बा डाँडाँमा पार्टीका महासचिव किरणले उद्घाटन गर्नुभयो । युवाहरूको यो तालिम रोक्न राज्यले प्रहरी हस्तक्षेप गर्न खोज्यो । तर हर्नामादीका जनताको साथ सहयोग र उच्च मनोबलसहित प्रशिक्षणमा सहभागी ...बाँकी ७ पेजमा

## 'क्रान्ति हुन्छ, क्रान्ति गर्छौं'

● टेक मास्कीराना

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन बैद्य 'किरण'ले सत्तामा बसेर ओली-प्रचण्ड गठबन्धनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भद्दा दलाली गरिरहेको बताउंनुभएको छ । मोदीको नेपाल भ्रमणमा ओली-प्रचण्ड गठबन्धनले दलालीको पराकाष्ठा नै प्रदर्शन गरेको जनाउँदै महासचिव किरणले ओली-प्रचण्ड पुरानो संसदीय व्यवस्थाको रक्षाकवज भएको दावी गर्नुभयो । क्रान्तिकारी युवा लिग, नेपाल प्रदेश ५ ले बुधबार बुटवलमा गरेको युवा मार्चपासपछि आयोजित सभालाई सम्बोधन गर्दै महासचिव किरणले सो बिचार व्यक्त गर्नुभएको हो ।

अहिले पनि मुलुकमा दलाल, तस्कर, भ्रष्टाचारीहरूकैं हातमा राज्यसत्ता रहेको भन्दै त्यसको अन्त्यका लागि जनवादी क्रान्तिको आवश्यकता रहेको बताउनुभयो । उहाँले थप्नुभयो- 'जनवादी क्रान्तिको तयारी स्वरूप युवा मार्चपास गरिएको हो, क्रान्ति हुन्छ, क्रान्ति गर्छौं ।' उहाँले अगाडि भन्नुभयो, 'राज्यसत्ता परिवर्तनको जिम्मा युवाहरूको काँधमा आएको छ ।' अहिले पनि नेपाली जनताको हातमा राज्यसत्ता नआएको भन्दै उहाँले क्रान्तिकारी शक्ति र देशभक्तहरूलाई गोलबन्द गर्ने अभियानमा पार्टी लागेको बताउनुभयो । क्रान्तिको एउटा अध्याय सकिए पनि नयाँ अध्याय शुरु भएको पनि उहाँले बताउनुभयो । एमाले-माकेतर्फ इंगित गर्दै उहांले उनीहरू वाम, कम्युनिष्ट र देशभक्त पनि नभएको जिकिर गर्नुभयो । नाकाबन्दीका बेला ओलीले ...बाँकी ७ पेजमा

## 'क्रान्तिकारीहरूबीच ध्रुवीकरणको समय आयो



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले माकेको एमालेमा विलयसँगै अब सबै क्रान्तिकारीहरूबीच ध्रुवीकरणको समय आएको बताउनु भएको छ । एमाले र माकेको एकताबारे कुरा गर्दै नेता गजुरेलले 'यो एकतालाई प्रतिक्रियाबादी सत्तालाई बलियो बनाउनका लागि गरिएको एकता हो' भन्नुभएको छ ।

क्रान्तिकारीहरू दक्षिणपन्थी अवसरवादी तथा संशोधनवादी पार्टीसँग मिसिने कुनै पनि संभावना नरहेकोले अब क्रान्तिकारी शक्तिहरू पनि एकताको प्रक्रियामा अगाडि बढ्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'माओवादी केन्द्रका साथीहरू अब एमालेसँग एकता हुँदैन भन्दै थिए । अध्यक्षले एमालेसँग एकता ...बाँकी ७ पेजमा


## क्रान्तिकारी धारमा ध्रुवीकृत हुन अपील



काठमाडौं । कम्युनिष्ट आवरणका दुई संशोधनवादी पार्टीहरू एमाले र माकेले तथाकथित एकताको घोषणा गरेलगत्तै नेकपा (क्रान्तिकारी माओवादी)ले एक सार्वजनिक अपील जारी गर्दै माके र एमालेभित्रका देशभक्त तथा क्रान्तिकारी नेता कार्यकर्तादेखि समर्थक जनतासम्मलाई नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारमा ध्रुवीकृत हुन आव्हान तथा अपील गरेको छ ।

पार्टीको तर्फबाट प्रवक्ता तथा स्थायी समिति सदस्य हरिभक्त कँडेलले बिहीबार जारी गर्नुभएको अपीलमा भनिएको छ, 'प्रतिक्रियावादी बाटो पकडीसकेको दक्षिणपन्थी संशोधनवादीहरूको गठजोडबाट उत्पन्न परिस्थितिको गम्भीरतापूर्वक समीक्षा गर्दै क्रान्तिकारी आन्दोलनलाई अघि बढाउने जिम्मेवारी अब हाम्रो काँधमा आइपुगेको छ । आजको यस घडीमा मालेमावादप्रति निष्ठावान क्रान्तिकारीहरू, घाइते/अपाङ्ग, बेपत्ता योद्धा, सहिद...बाँकी ८ पेजमा

## 'युवाशक्तिलाई संगठित गरी क्रान्तिको नेतृत्व गर्छौं'




ओखलढुंगा । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य' किरण'ले युवाशक्तिलाई पुनः संगठित गरी क्रान्तिको नेतृत्व गर्न आफूहरू तयार रहेको बताउनु भएको छ । क्रान्तिकारी माओवादीको युवा संगठन क्रान्तिकारी युवा लिग १ नम्बर प्रदेशको पाँचदिने प्रशिक्षण कार्यक्रमको...बाँकी ७ पेजमा

## प्रचण्डले एकताको टीका थापेपछि

काठमाडौं । अन्ततः प्रचण्ड निकै निराश भएको बेलामा केपी ओलीले पार्टी एकताको साइत जुराए । प्रचण्डले एकताको टीका थापे, ओलीले आफ्नै घरआँगनमा स्वपरम्पराअनुसार टीका फुकाइदिए । ब्यानर उद्घाटन भयो । नेपाल कम्युनिष्ट पार्टी भनी नाम उच्चारण गरियो । यो बोलाउने नाम लिएर निर्वाचन आयोगका ज्योतिषकहाँ उनीहरू छिट्टै नै पुगे । नाम जुध्यो ऋषि कट्टेलको नेपाल कम्युनिष्ट पार्टीसँग । ओलीप्रचण्डले 'गाउँघरमा काले भन्ने मान्छे र माले भन्ने गोरु त कति पाइन्छन् कति, कसो ?' भनी एकापसमा टाउको हल्लाउँदै हाँसे । 'नेकपा पनि धेरै हुनसक्छन् ।' उनीहरूले अन्डरलाइन नेपाल कम्युनिष्ट पार्टी लेखेर ज्यातिषलाई दर्ताश्रेस्ताका लागि बुझाए ।


ओलीले मनमनै सोचे 'सुरुमा हो पछि त ... आ ! एमाले भने पनि के भो त, पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद, चुनाव चिन्ह सूर्य भइसकेपछि पार्टी एमाले । मार्क्सवाद-लेनिनवाद विचार स्थापित, सूर्य स्थापित भएपछि एमाले विस्थापित हुने पनि कहाँ युक्तिसंगत भयो र ? भो अहिले नबोलूँ । हरे हार, दैव नटार ! तरङ्गित हुन के बेर ।' ओलीले प्रचण्ड बेलाबेलामा 'तरङ्गित' हुने गरेको पनि थाह पाएका रहेछन् । हुन पनि हो त, उनलाई कसो राँची नपुऱ्याएका प्रचण्डले । पुऱ्याउन सुझाव त दिएकै थिए । तर सुन्नु पर्नेले सुनेनन् र पो !

ओली-प्रचण्ड एउटै म्यानमा दुई तरवार झैं एउटै टेबुल राखेर त्यसको वरपर बसे । दुईवटै अदक्ष ! दक्ष भएको भए ओलीले एमाले किन बिघटन गर्नु ? र प्रचण्डले माओवादी केन्द्र किन बिघटन गर्नु ? फेरि एकजना मात्र दक्ष भइदिएको भए एउटैलाई अध्यक्ष बनाइने थियो । ओली मुस्कुराए- 'प्रचण्डको 'महावाम एकता'को हावादारी गफ समाप्त ।' प्रचण्ड गम्न थाले- 'अब केही वर्ष ढुक्क । कति कुराउन लगाएको यो ओलीले पनि । पर्खंदा पर्खंदा प्राणपखेरु नै उड्ला जस्तो । हाइ्य ! यो एमालेको जात भन्दा त काङ्ग्रेस कहाँ हो कहाँ सजिलो ।' ...बाँकी ८ पेजमा

## माकेको एमालेमा विलयः एक पश्चगामी छलाङ

*(यस शीर्षक लेखको आधा भाग पहिले नै प्रकाशित भै सकेको थियो र वाँकी आधा भाग यहाँ प्रस्तुत गरिएको छ ।)*

**हामीले कुन कुरामा विशेष जोड दिन जरूरी छ भने, क्रान्तिले गम्भीर धक्का खाएको र दक्षिणपन्थी संशोधनवादले प्रतिक्रियावादी स्वरूप ग्रहण गरेको वर्तमान अवस्थामा क्रान्तिकारी आशावादले समृद्ध भई नयाँ जनवादी क्रान्तिको तयारी र क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउने दिशामा दृढतापूर्वक अगाडि बढ्नु पर्दछ । वैज्ञानिक समाजवाद हुँदै साम्यवाद तर्फ अगाडि बढ्नु हाम्रो लक्ष्य हो ।**



● मोहन वैद्य 'किरण' ●

आखिर यही ३ जेठ २०७५ मा एमाले र माकेको विधिवत एकीकरण हुन पुगेको छ । यद्यपि उनीहरूले एकीकृत पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी राखेका छन् । परन्तु त्यो सारमा एकीकरण नभई माकेको एमालेमा विलय नै हो । यो कुरा उनीहरूद्वारा संयुक्त रूपमा जारी गरिएको वक्तव्य हेर्दा राम्रोसित पुष्टि हुन्छ ।

एमाले-माकेद्वारा संयुक्त घोषणाका रूपमा जारी वक्तव्यमा पर्टीको नाम, सैद्धान्तिक तथा राजनीतिक मान्यता, पथप्रदर्शक सिद्धान्त लगायतका विषयबारे संक्षिप्तमा उल्लेख गरिएको छ । ओली र प्रचण्डद्वारा हस्ताक्षरित सो संयुक्त घोषणा वक्तव्यमा भनिएको छः

- "आज हामीले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) लाई विधिवत एकीकरण गरी नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन गरेका छौं ।"
- "नेकपा (एमाले)ले अवलम्बन गरिआएको जनताको बहुदलीय जनवाद र नेकपा (माओवादी केन्द्र)ले अवलम्बन गरिआएको २१औ शताब्दीमा जनवाद सम्बन्धी सैद्धान्तिक तथा राजनीतिक मान्यतालाई परिवर्तित नयाँ सन्दर्भमा विकसित र परिमार्जन गरी समाजवाद उन्मूख जनताको जनवादका रूपमा अगाडि बढाइने छ ।"
- "नेपाल कम्युनिस्ट पार्टी शान्तिपूर्ण प्रतिस्पर्धा मार्फत् श्रेष्ठता हासिल गर्ने, संविधानको सर्बोच्चता, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मानवाधिकार एवं मौलिकहकको प्रत्याभूति, शक्ति पृथकीकरणको सिद्धान्त, बहुलतायुक्त खुला समाज, बहुदलीय प्रतिस्पर्धायुक्त आवधिक निर्वाचन, जननिर्वाचित प्रतिनिधिहरूद्वारा सरकार सञ्चालन, प्रतिपक्षको संबैधानिक व्यवस्था लगायत आधुनिक लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यतामा प्रतिवद्ध छ ।"
- "हाम्रो मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हुनेछ ।"

*(एमाले-माओवादी एकीकरणको संयुक्त घोषणा, नयाँ पत्रिका, ४ जेठ २०७५)*

सो घोषणापत्रका उक्त भनाइ र त्यसको समग्र सारबारे केही व्याख्या गर्न जरुरी छ । यो बेला नेपाली क्रान्ति र कम्युनिस्ट आन्दोलनको इतिहासमा गम्भीर प्रकारमा विश्वासघात र गद्दारी गर्दै आएका एमाले र माकेका सैद्धान्तिक तथा राजनीतिक विचलन र उनीहरूको ...बाँकी ३ पेजमा

## सम्पादकीय

# एमाले-माके एकता : एक ब्ल्याक होल

एमाले र माओवादी केन्द्र दुई पार्टीहरूबीच बिहीवार एकता भएको छ । एकताबाट अन्डरलाइन नेपाल कम्युनिष्ट पार्टीको जन्म भएको छ । यसका दुईजना समान हैसियतका अध्यक्षहरू छन् । विगत कोट्याउँदा एमाले र माओवादी केन्द्र दुबै पार्टीका फरक फरक पृष्ठभूमि रहेका छन् । र, यसका दुई अध्यक्षहरू पनि त्यही फरक फरक पृष्ठभूमिबाट आएका छन् ।

सामान्य तहमा पनि सोचविचार, लक्ष्य र उद्देश्य र आपसी समान भावनाले एकता ल्याउँछ । झन् राजनीतिक पार्टीहरूमा त एकता विचार, कार्यदिशा र लक्ष्य समान हुनु वा हुन पुग्नुकै कारणबाट हुन्छ । एमाले र माओवादी केन्द्रबीच भएको पार्टी एकताका पछाडि पनि यी र यस्तै कुराहरू खोजी भइरहेका छन् । तर पनि देखिने र आँकलन गर्न सकिने गरी सतहमा यी आधारहरू आएका छैनन् । विचार, सिद्धान्त, कार्यदिशा र लक्ष्य तथा उद्देश्य केही पनि प्रष्ट नपारिकन अँध्यारो अँध्यारोमै अदृश्य पिण्डको रहस्यमयी गुरुत्व देखाउन मात्र यो एकता चर्चामा आएको छ । त्यसलाई प्रसिद्ध भौतिक शास्त्री स्टेफेन हकिङ्सको ब्ल्याक होलसँग मजाले तुलना गर्न सकिन्छ ।

हकिङ्स दाबी गर्छन् हजारौं या लाखौं वर्षपछि बलिरहेका सैकडौं ताराहरू र सौर्यमण्डलहरू बलिराख्न र जीवित रहन छाड्छन् । बरु ती एकापसमा ठोकिँदै भयङ्कर कालो र अजङ्गको एउटै महापिण्डमा परिणत हुन पुग्छन् । त्यो पिण्ड यति बलशाली हुन्छ कि त्यसको गुरुत्वले उसका नजिकमा रहेका तारामण्डल, सौर्यमण्डल या आकाशगङ्गाको भागहरूलाई समेत् बलपूर्वक आफूतिर खिचेर अँध्यारोमा लगी बिलय गराइदिन्छ ।

नेपाली कम्युनिष्ट आन्दोलनमा विगतदेखि गन्तव्यहीन बनेर बसेका ससाना र कतिपय ठूला कम्युनिष्ट पार्टीहरूबीच बनेको वाम गठबन्धनबीच अहिले यस्तै खालको एकता भएको छ । सैद्धान्तिक निष्ठा त्यागेका, विचार, कार्यदिशा, लक्ष्य, उद्देश्य नभएका, बाटो बिराएका, गन्तव्य पहिल्याउन नसकेका, भ्रममा परेका, ठूलो भाग खोज्दै हिंडेका, सपना मरेका, हनुमानगिरिमा बानी परेका, दलाली र चाकरीको संस्कृति बोकेका, लम्पसार परेका आदिइत्यादि अँध्यारैअँध्यारा र नकारात्मक विरासत् एकै ठाउँमा थुप्रो लाग्न पुगेपछि वाम एकताको एक ब्ल्याकहोल निर्माण हुन पुगेको छ ।

यो ब्ल्याक होलले बहुदलीय जनवाद, एक्काइसौं शताब्दीको जनवाद, माओवाद, लेनिनवाद, मार्क्सवाद, सर्वहारावाद, जनवादी केन्द्रीयता, जनवाद, समाजवाद, साम्यवाद, दुई लाइन सङ्घर्ष जस्ता कम्युनिष्ट पार्टीलाई जीवित र जाज्वल्यमान बनाइ राख्ने उज्याला र जीवन्त पक्षहरूलाई पेन्डिङमा राखेर निलिदिएको छ । मात्र देखाएको छ ठूलो अँध्यारो पिण्ड र त्यसको गुरुत्व ।

मानौं यति ठूलो एकता भयो रे वामपन्थीको । खोइ त वैचारिक बहस ? खोइ त नौला सन्देश र क्षितिज उघार्ने नीति, योजना र कार्यक्रम ? नेताका लागि पद र शान तर देश र जनताका लागि के त ? कार्यकर्ताका लागि के ? हात्ती आयो, हात्ती आयो फुस्सा ! एकताले जनता र कार्यकर्ताहरूका अनुहारमा न त चमक ल्याएको छ, न त आशा र विश्वास । विदेशी शक्तिका सामु उनीहरूहरूकै भाषामा 'लम्पसार' परेका नेताहरूका स्वार्थसिद्धिका लागि ती कतिसम्म उपयोग भइदिई रहने ? नेताको हालत छ यस्तो : आफैं त महादेव उत्तानो पर, कसलाई दिने बर ?

सारमा वामहरूको एकता नामाकरण गरिएको यो एकता भविष्यप्रति अलिकति पनि आशावाद र जीवन देख्ने नेपालीहरूलाई सिध्याउन प्रायोजित महापिण्ड हो, जहाँ अध्यारोमा जीवन सखाप पार्ने अँध्यारो आकर्षण बाहेक अरु केही पनि छैन ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

## माकेको एमालेमा विलय

# इतिहासले गरेको मजाक



इन्द्रमोहन सिग्देल 'बसन्त'

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा ३ जेठ २०७५ गते इतिहासले एउटा मजाक गरेको छ । ३ जेठमै प्रधानमन्त्री निवास बालुवटारमा बसेको नेकपा (एमाले) र नेकपा (माके)को संयुक्त बैठकबाट केपी ओली र पीके दाहालले आ-आफ्ना नेतृत्वका पार्टी विघटन गरेर एउटै पार्टी निर्माण गरेका छन् । यसको घोषणा राष्ट्रिय सभा गृहमा आयोजित एकता घोषणा सभाबाट गरिएको छ । पार्टीको नाम 'नेपाल कम्युनिस्ट पार्टी' राखिएको छ । पार्टीको मूल नेतृत्वमा दुई जना अध्यक्ष, ९ जनाको सचिवालय, ४५ जनाको स्थायी समिति र ४४१ सदस्य रहेको केन्द्रीय समितिको निर्माण गरिएको कुरा पत्रपत्रिकामा प्रकाशित भएका छन् । 'नेपाली क्रान्ति जिन्दावाद' भन्ने नारा सहित तयार पारिएको सपथ ग्रहण पत्रमा 'मार्क्सवाद-लेनिनवाद'लाई पार्टीको पथप्रदर्शक सिद्धान्त भनिएको छ । ६-बूंदे घोषणापत्रमा उनीहरूले समाजवाद उन्मुख जनताको जनवादलाई पार्टीको आगामी कार्यक्रम हुनेछ भनेका छन् ।

यस परिघटनाले नेपालको समग्र राजनीतिक क्षेत्र र विशेषतः नेपालको वाम राजनीतिक बृत्तमा एउटा तरङ्ग पैदा गरेको छ । प्रतिस्पर्धी राजनीतिक पार्टी नेपाली कांग्रेसले यो एकतालाई टाउकोमा खसेको बज्रपात ठानेको छ र तिनीहरूले नयाँ पार्टीमा हेपाहा प्रवृत्ति विकास हुन सक्ने चिन्ता व्यक्त गरेका छन् । नेताको दौराको फेरो समातेर भ्रष्टाचार गर्न पल्केका कतिपय दलाल तथा ठेकेदारहरूले यसलाई एउटा बरदान सावित हुने अपेक्षा गरेका छन् । कतिपयले यो एकतालाई आफ्नो उज्ज्वल राजनीतिक भविष्यको बाहक मानेका छन् । कम्युनिस्ट समर्थक जनताहरूको तहमा भने त्यति उत्साह देखिंदैन । प्रायः सबै पार्र्टीका सरकार देखेका जनता पर्ख र हेरको मनस्थितिमा छन् । तैपनि एकताले देशमा स्थायित्व र समृद्धि दिने जुन एकोहोरो प्रचारबाजी गरिएको छ, त्यसबाट सामान्य जनतामा अब केही भैहाल्छ कि भन्ने भ्रम पनि परेको छ । यो एकताबाट माकेका कार्यकर्ताहरू अलि बढी उत्साहित र एमालेका कार्यकर्ताहरू अलि सशंकित भएको देखिन्छ ।




इतिहासतिर फर्केर हेर्दा नेकपा (माओवादी) र नेकपा (एमाले) विपरीत ध्रुवमा उभिएका दुई अलग-अलग कम्युनिस्ट पार्टीहरू हुन् । एमालेले ०४६ को जनआन्दोलनको लगत्तै संवैधानिक राजतन्त्र र संसदीय बहुदलीय व्यवस्थाअन्तर्गत शान्तिपूर्ण प्रतिस्पर्धा गर्न जनताको बहुदलीय जनवाद जस्तो घोर दक्षिणपन्थी संशोधनवादी कार्यदिशा अवलम्बन गरिसकेको थियो । त्यसको लगत्तै तत्कालीन माओवादी संसदीय व्यवस्थाका विरुद्ध नयाँ जनवादी गणतन्त्र स्थापना गर्न संसदीय व्यवस्थाका विरुद्ध युद्धको शंखघोष गर्ने क्रान्तिकारी पार्टीका रूपमा स्थापित भएको थियो । हिजो यी पार्टीहरू विपरीत ध्रुवमा उभिएका थिए । ०५२ पछि, नेकपा (माओवादी)ले प्रतिक्रियावादी संसदीय व्यवस्थालाई ध्वंश गरेर नयाँ जनवादी सत्ता स्थापना गर्न क्रान्तिकारी युद्धमा जनसेनाको नेतृत्व गरेको थियो भने नेकपा एमालेले संसदीय व्यवस्थाको रक्षा गर्न प्रतिक्रियावादी सत्ताको सेनाको बलमा माओवादीमाथि भीषण दमन अभियान चलाएको थियो । माओवादी नेताहरूको टाउकाको मूल्य तोक्न कांग्रेसको सरकारले गरेको प्रस्तावमा एमालेका नेताहरूले आँखा चिम्लेर सही धस्काएका थिए । नेपालमा यो धेरैलाई थाहा छ ।

माथि जे भनियो त्यो यो पंक्तिकारको मनोगत लाञ्छना होइन । एमालेलाई हेर्ने माओवादीको दृष्टिकोण हिजो के थियो भन्ने कुरा माओवादीको दस्तावेजमा हेरे छर्लङ्ग हुन्छ । २०५४ मा पार्टीको प्रकाशन विभागद्वारा प्रकाशित ऐतिहासिक दस्तावेजहरू भन्ने पुस्तिकाको पृष्ठ ७१ को प्याराग्राफ २ मा नेकपा (माओवादी) लेख्दछ, ' यहाँनेर विशेष ध्यान दिनुपर्ने कुरा के छ भने एकातिर दक्षिणपन्थी संशोधनवादी एमाले गुट प्रतिक्रियावादमा पतन भएको तर जनसमुदायमा त्यो रूपमा उदाँगो भइनसकेको र अर्कोतिर हाम्रो पार्टी क्रान्तिकारी विकल्पको रूपमा देखा परेको तर त्यो व्यवहारतः जनसमुदायमा स्थापित भइनसकेको आजको कम्युनिस्ट आन्दोलनको स्थितिले मसाल, विसर्जनवादी लगायतका गुट-उपगुटहरू मिली हिजो एमाले गुटको दक्षिणपन्थी संशोधनवादका स्तरमा बसेरै जनतालाई नयाँ ढङ्गले भ्रम दिने कोसिस भैरहेको छ । यो स्थितिमा दक्षिणपन्थी संशोधनवादको नयाँ घेरा तयार पार्ने यो प्रक्रियाका विरुद्ध सैद्धान्तिक, राजनैतिक भण्डाफोर तीब्र पार्दै मुख्यतः क्रान्तिकारी संघर्षको विकासमा गम्भीरतापूर्वक लागेर जनतालाई भ्रम दिने संशोधनवादको नयाँ षड्यन्त्रलाई चकनाचुर पार्न जरुरी भएको छ ।' यो आफै स्पष्ट छ, यसको थप व्याख्या गरिराख्नु आवश्यक छैन ।

अहिले के त्यस्तो नयाँ परिस्थिति तयार भयो, जसले गर्दा दुईवटै पार्टीहरू एकै ठाउँमा उभिन सके ? माके र एमालेका बीचमा पार्टी एकता हुनका लागि, निम्नानुसारका दुईवटामध्ये कुनै एउटा स्थितिको निर्माण हुनु पर्दथ्यो । एक, एमाले क्रान्तिकारी बनेर माओवादीको ठाउँमा आईपुगेको हुनु, दुई, माओवादी केन्द्र प्रतिक्रियावादी भएर एमालेको ठाउँमा पुगेको हुनु । स्पष्ट छ, ठीक विपरीत दिशामा हिंडेका दुई यात्रुहरू कुनै एउटाले युटर्न नगरी कसरी एउटै ठाउँमा आउन सक्छन् ? तर्क गर्न सकिएला, राजतन्त्र गयो, नयाँ परिस्थिति बन्यो र पार्टीहरू एक ठाउँमा आईपुगे । तर के नेपाल साम्राज्यवादी तथा विस्तारवादी उत्पीडनबाट मुक्त भयो ? के नेपाली मजदुर, किसान, जनजाति, दलित, महिला, मुश्लिम, मधेशी लगायतका उत्पीडित जनसमुदायले हिजोको सामन्ती उत्पीडनबाट मुक्ति पाए ? के देश अर्ध-सामन्ती तथा अर्ध-नव औपनिवेशिक अवस्थाबाट मुक्त भई नेपालमा जनगणतन्त्रको स्थापना भयो ? हाम्रो राष्ट्रिय स्वाधीनताको स्थितिलाई हालैको मोदीको भ्रमणले पनि देखाएन र ? यथार्थ त यो हो, आन्तरिक र बाह्य उत्पीडनको स्थिति अत्यन्त भयावह बन्दै गएको छ । आर्थिक पराधिनता दिन दुगुना रात चौगुना भएको छ । जनताका समस्या झन विकराल बनेका छन् र राजनीतिक क्रान्ति अनिवार्य आवश्यकता बनेर गएको छ ।

यहाँ सबैले स्पष्ट बुझेको कुरा के हो भने, एमाले हिजो पनि संसदवादी प्रतिक्रियावादी पार्टी थियो र आज पनि त्यही छ । उसले हिजोको आफ्नो वैचारिक तथा राजनीतिक अडानमा कुनै परिवर्तन गरेको छैन । तर अहिले यी दुई पार्टीका बीचमा पार्टी एकता भएको छ । यो कसरी संभव भयो ? यसको अर्थ स्पष्ट हुन्छ, यो पार्टी एकता माओवादी केन्द्रको एमालेकरण हुनुको परिणाम हो । अर्थात्, अर्को शव्दमा माओवादी केन्द्र एमालेको ठाउँमा आईपुगेर यो एकता संभव भएको हो । यो माओवादी केन्द्रको एमालेमा वैचारिक विलय हो । अरु केही पनि होइन । हिजो यही प्रतिक्रियावादी सत्ताका विरुद्ध हतियार उठाउने माओवादी अहिले त्यही सत्ताको आडमा क्रान्तिकारीहरूमाथि दमनको भाषा बोल्न सुरु गरिसकेको छ । यसले पनि विषयलाई अझ स्पष्ट पार्दछ ।

अर्को एउटा प्रश्न उठ्छ, के माओवादी केन्द्रको एमालेकरण अहिले मात्र भएको हो ? होइन, यो प्रक्रिया पहिल्यैदेखि नै सुरु भैसकेको थियो । अहिले आएर त यो बाहिर प्रकट भएको मात्र हो । जुन दिनदेखि तत्कालीन माओवादीले एक्काइसौ शताब्दीको जनवादको प्रस्ताव अगाडि सारेको थियो, त्यही प्रस्तावमा माओवादीको एमालेकरण हुने विचारले गर्भाधारण गरेको थियो । चुनवाङ बैठकका बेलामा लोकतान्त्रिक गणतन्त्र स्वीकार गरेर प्रचण्डले एमालेको पुच्छर समातिसकेका थिए । पछि, संविधानसभाको चुनाव, राज्यसत्ताको पुनर्संरचना र १२-बुँदे समझदारीले माओवादीको एमालेकरण हुने प्रक्रियामा एक-एकवटा ईंट्टा थपिरहेका थिए । कथित बृहत शान्ति-सम्झौता, जनयुद्ध समाप्त भएको घोषणा, जनसत्ताको विघटन, जनसेनाको निशस्त्रीकरण, जनमुक्ति सेनाको नेपाली सेनामा विलय र अन्तमा दोस्रो संविधानसभाबाट प्रतिक्रियावादी संविधान निर्माण हुने विन्दुसम्म आइपुग्दा वैचारिक र राजनीतिक हिसाबले माओवादीको एमालेकरण हुने प्रक्रिया सारतः पूरा भैसकेको थियो । केवल नाम र रूपमा मात्र माके र एमाले नामका दुई भिन्न पार्टी अस्तित्वमा रहेका थिए । अहिलेको यो एकता माओवादीमा संचित हुंदै गएको मात्राले गुणमा हानेको छलाङ्ग मात्र हो । अर्को शब्दमा अहिले त प्रचण्डले क्रमभङ्ग गरेका मात्र हुन् । यो प्रचण्डको प्रतिक्रियावादमा भएको पतनको खुला र घोषित अभिव्यक्ति हो । यो समग्र प्रक्रियाले संशोधनवाद भनेको अन्ततः प्रतिक्रियावाद हो भन्ने अध्यक्ष माओको भनाईलाई पुनः पुष्टि गरेको छ ।

माके एमाले एकता प्रक्रिया मार्फत् एउटा क्रान्तिकारी इतिहास बोकेको नेतृत्व प्रतिक्रियावादी पार्टीमा विलय भएको छ । यस्तो होस् भन्ने शायद कसैको पनि चाहना थिएन । तर, यो निर्णयबाट आउने दिनमा प्रचण्डहरूले हिजो गरेको त्याग र वलिदानलाई देखाएर इमान्दार कार्यकर्ता र जनतालाई भ्रम दिने स्थितिको भने विधिवत अन्त भएको छ । प्रचण्डले आफ्नो कित्ता स्पष्ट गरेका छन् । अब माओवादीको नामबाट उनले पुरानो त्यागको ब्याज खान र जनतामा भ्रम छर्न पाउने छैनन् । माओवाद, जनयुद्ध, क्रान्ति, नयाँ जनवाद आदि अब उनका मुखबाट कसैले पनि सुन्नु पर्ने छैन । यो एकताबाट उनले प्रतिक्रियावादी सार अनुसारको रूपमा छलाङ्ग मारेका छन् । यस अर्थमा भने प्रचण्ड धन्यवादका पात्र छन् र यही नै माके-एमालेको नकारात्मक एकताभित्रको सकारात्मक पक्ष हो ।

हाम्रो देश नेपाल कम्युनिस्टहरूका लागि एउटा अत्यन्त उर्बर भूमि हो । इतिहास साक्षी छ नेपाली जनताले सधैं क्रान्ति र परिवर्तनको पक्षमा साथ दिंदै आएका छन् । तर नयाँ बनेको पार्टीको मार्गदर्शक विचारमा माओवाद भन्ने पदावली कहीं कतै रहेको छैन । समाजवाद उन्मुख जनताको जनवाद भन्ने अमूर्त कुरा मात्र अगाडि सारिएको छ । शान्तिपूर्ण संसदीय संघर्षलाई आगामी बाटो बनाइएको हुनाले क्रान्तिकारी कार्यकर्ता र सचेत जनताले यसमा साथ दिने छैनन् । बरु हिजोसम्म भ्रमपूर्वक माकेमा अल्झिएर बसेका क्रान्तिकारी नेता तथा कार्यकर्ता र सचेत जनता सच्चा क्रान्तिकारी कम्युनिस्टहरूको बृहत् एकता र ध्रुवीकरणको प्रक्रियामा सामेल हुने कुरा अनिवार्य छ । यसले क्रान्तिकारीहरूका बीचमा हुने एकता र ध्रुवीकरणको नयाँ सम्भावनातर्फ ईंगित गर्दछ । यो सच्चा कम्युनिष्ट पार्टी र क्रान्तिका लागि निकै सकारात्मक कुरा हो । यसलाई कम्युनिस्ट क्रान्तिकारीहरूले गम्भीरतापूर्वक आत्मसात गर्नु पर्दछ र सच्चा माओवादीहरूका बीचको एकता प्रक्रियालाई भोलिको होइन आजको कार्यसूची बनाउनु पर्दछ ।

यहाँ जोड दिनुपर्ने कुरा के छ भने आउने दिनमा हिजो कै जस्तो तरिकाले मात्र नेपालमा क्रान्तिकारी आन्दोलनको विकास सम्भव छैन । हामीले नवसंशोधनवाद तथा नयाँ प्रतिक्रियावादी गठजोडको राजनीतिक र वैचारिक भण्डाफोर जति बढी गर्न सक्छौं, त्यति नै छिटो क्रान्तिकारी रूपान्तरणको प्रक्रिया अगाडि बढ्छ । हामी पनि प्रचण्डहरूको प्रदुषित हावाबाट धेरथोर प्रभावित छौ । क्रान्तिकारी रूपान्तरण, वैचारिक तथा राजनीतिक कार्यदिशाको समृद्धि, स्पष्ट सामरिक कार्यदिशाको निर्माण र मुख्यतः युवाहरूमा संगठन विस्तार नेपाली कम्युनिस्ट आन्दोलनको पछिल्लो चरणमा खड्किंदै आएका विषय हुन् । साँच्चै हामीले हिम्मत गर्छौ भने कम्युनिस्ट ध्रुवीकरणको नाममा प्रतिक्रियावादीहरूले गरेको यो सांगठनिक घेराबन्दी तोड्न र वैचारिक तथा राजनीतिक विकासका आधारमा नेपालमा क्रान्तिकारी आन्दोलनको विकास गर्न हाम्रा लागि यो एउटा उपयुक्त अवसर पनि हो । विकासको सम्भावना सामान्य स्थितिमा होइन, संकट र दुश्मनहरूले गरेको घेराबन्दीको बीचमा बढी हुन्छ । प्रतिक्रियावादीहरूले छरेको भ्रम धेरै दिन टिक्न सक्दैन । यसलाई आत्मसात गरौं र चुनौतीलाई सम्भावनामा बदल्न आ-आफ्नो ठाउँबाट उठौं, क्रान्ति अवश्यंभावी छ ।

# माकेको एमालेमा विलय: एक पश्चगामी छलाङ

पार्टीमा विद्यमान दक्षिणपन्थी संशोधनवाद तथा पश्चगामी राजनीतिक प्रवृत्तिबारे थप स्पष्ट हुन आवश्यक छ । यस सन्दर्भमा निम्न विषयमा विशेष ध्यानदिन जरुरी छ :

**पहिलो** : मार्क्सवादको भ्रष्टीकरण । मार्क्सवाद कम्युनिस्ट पार्टीको पथप्रदर्शक सिद्धान्त हो । आज त्यो मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकसित हुन पुगेको छ । संशोधनवादले त्यस प्रकारको पथप्रदर्शक सिद्धान्तको विरोध तथा तोडमरोड गर्दछ । संशोधनवादले मालेमाका द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, वर्गसंघर्ष, बलप्रयोग र सर्वहारावर्गको अधिनायकत्व लगायतका सिद्धान्तको तोडमोड तथा भ्रष्टीकरण गर्दै आएको छ । एमालेले माओवाद वा माओविचार मान्दैन । त्यसले मार्क्सवाद-लेनिनवाद मानेको बहाना गर्दछ । अहिले माके पनि माओवाद परित्याग गरी मार्क्सवाद-लेनिनवाद मात्र मान्ने ठाउँमा पुगेको छ र उनीहरूको एकीकृत पार्टीको सिद्धान्त मार्क्सवाद-लेनिनवाद हुने कुरा बताइएको छ । वस्तुतः एकातिर माओवाद बिना आज मार्क्सवाद-लेनिनवाद अधुरो हुन्छ भने अर्कोतिर मार्क्सवाद-लेनिनवाद-माओवाद मानेको बहाना गरेर पनि काम लाग्दैन । वर्तमान सन्दर्भमा सच्चा कम्युनिस्ट बन्नका लागि मार्क्सवाद-लेनिनवाद-माओवादको रक्षा, प्रयोग तथा विकासको प्रक्रियामा दृढतापूर्वक लाग्न द्वन्द्वात्मक तथा भौतिकवाद, वर्गसंघर्ष, बलप्रयोग, सर्वहारा अधिनायकत्व, साम्यवाद जस्ता वैज्ञानिक सिद्धान्तलाई अवलम्वन गर्न अनिवार्य रूपमा आवश्यक हुन्छ । आज एमाले र माकेको जुन एकीकरण भएको छ, त्यसले सारतत्वमा मालेमाको परित्याग र संशोधनवादलाई अवलम्बन गरेको कुरा सुस्पष्ट छ ।

**दोस्रो** : नयाँ जनवादको परित्याग । हिंजो एमालेले र आज माकेले नयाँ जनवादलाई परित्याग गरी संसदवादलाई स्वीकार गर्न पुगेका छन् । आज ती दुवैका लागि संसदीय बहुदलीय व्यवस्था स्वीकार्य बन्न गएको छ । उनीहरू दुवैले नेपालमा पुँजीवादी जनवादी वा नयाँ जनवादी क्रान्ति पुरा भइसकेको राग अलाप्त छन् । नेपाल जस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक देशमा जनवादी क्रान्तिको कार्यभार सामन्तवाद र साम्राज्यवाद/विस्तारवाद दुवैका विरुद्ध परिलक्षित हुने कुरा स्पष्ट छ । परन्तु, उनीहरू राजतन्त्रको अन्त्य भएपछि सामन्तवाद सम्पूर्ण रूपमा अन्त भएको कुरा गर्दछन् । उनीहरूले जनवादी क्रान्तिका लागि साम्राज्यवाद र विस्तारवादको विरोध गर्नुपर्ने अनिवार्यतालाई नकार्दछन् । उनीहरू नेपालमा नोकरशाही तथा दलाल पुँजीवादको वर्चस्वलाई यथावतै राख्न र संसदवादलाई चिरस्थायी बनाउन चाहन्छन् ।

एमाले तथा माकेको संयुक्त वक्तव्यमा समाज उन्मुख जनताको जनवाद भनेर अर्को एउटा विभ्रम खडा गरिएको छ । उनीहरूले एकातिर नेपालमा जनवादी क्रान्ति पूरा भयो अव संसदीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको कार्यान्वयन गर्नुपर्छ भनेर र अर्कोतिर अमूर्त भाषामा समाजवाद उन्मुख जनताको जनवादको कुरा गरेर एकैसाथ द्वैतवाद, सारसंग्रहवाद र निर्लज्ज प्रकारको अवसरवादको अभ्यास गर्न पुगेका छन् । यसरी पारिभाषिक पदावलीको दुरूपयोग गर्नु संशोधनवादको एउटा मूल विशेषता बन्न गएको छ ।

**तेस्रो**: प्रतिगामी राज्यसत्ताको समर्थन । क्रान्तिको स्वरूप वर्गीय हुन्छ र त्यो राज्यसत्ता प्राप्तिको प्रश्नसँग जोडिएको छ । क्रान्तिलाई परिभाषित गर्दै र त्यसलाई राज्यसत्तासँग जोड्दै लेनिनले भन्नुभएको थियो- “राज्यसत्ता एक वर्गको हातबाट अर्को वर्गको हातमा पुग्नु क्रान्तिको पहिलो, प्रमुख, आधारभूत लक्षण हो ।” (व्ला.इ.लेनिन संकलित रचनाएँ दश खण्डों मे खण्ड ६, पृ. ३२७, प्रगति प्रकाशन मास्को १९८३) । उक्त भनाइ अनुसार उत्पीडक वर्गको हातबाट उत्पीडित वर्गको हातमा राज्यसत्ता पुग्नु क्रान्तिको मूल लक्षण हो । परन्तु, माके र एमाले लेनिनका उक्त विचारसित सहमत छैनन् । दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्त वर्गीय अधिनायकत्वमा आधारित वर्तमान पश्चगामी राज्यसत्ता र संसदीय व्यवस्थालाई कायमै राख्नका लागि वर्तमान संविधानको कार्यान्वयन गर्नु उनीहरूको एकीकृत पार्टीको प्रमुख वैचारिक तथा राजनीतिक उद्देश्य बन्न गएको छ ।

राज्यसत्ताको कुरा गर्दा राज्यमेशिनरीमाथि पनि ध्यानदिन जरुरी छ । मार्क्सले भन्नुभएको थियो- क्रान्तिको निम्ति पुरानो राज्यमेशिनरीलाई ध्वस्त पार्नु अनिवार्य रूपमा आवश्यक हुन्छ । परन्तु, दक्षिणपन्थी संशोधनवादीहरूले यस तर्फ ध्यान दिंदैनन् । एमाले तथा माके दुवैले पुरानो राज्यमेशिनरीलाई यथावत् राखेर क्रान्ति पूरा भयो भन्दछन् र उनीहरूको एकीकृत पार्टीको मान्यता पनि त्यही नै छ । यो पुरै मार्क्सवाद विरोधी धारणा हो ।

**चौथो**: गणतन्त्रको स्वरूप र युगको सन्दर्भ । गणतन्त्रको प्रश्न युगको प्रश्नसित जोडिएको छ । हिजो सामन्तवादका विरुद्ध परिलक्षित पुँजीवादी जनवादी क्रान्तिको प्रक्रियामा लोकतान्त्रिक गणतन्त्र प्रगतिशील कदम थियो । परन्तु, पेरिस कम्युनको परिघटना, पुँजीपतिवर्गको प्रतिक्रियावादमा पतन, रुसमा सम्पन्न १९०५ एवम् १९१७ का पुँजीवादी तथा समाजवादी क्रान्तिका अनुभव र साम्राज्यवाद तथा सर्वहारा क्रान्तिको नयाँ युगको उदय पश्चात् लोकतान्त्रिक गणतन्त्रले प्रतिक्रियावादी रूप लिएको छ । परन्तु, माके र एमालेले यो कुरा पटक्कै बुझ्न चाहेनन् ।




लेनिन भन्नुहुन्छ- “विश्व घटनाक्रम र सम्पूर्ण रुसी राजतन्त्रवादीहरूको अंग्रेज-फ्रान्सिसी तथा अमेरिकी साम्राज्यवादसँगको गठबन्धनबाट प्राप्त कटु शिक्षाहरूले व्यवहारमा के प्रमाणित गरिरहेका छन् भने लोकतान्त्रिक गणतन्त्र भनेको बुर्जुवा लोकतान्त्रिक गणतन्त्र नै हो, जुन गणतन्त्र साम्राज्यवादले इतिहासका सामु तेर्स्याएका समस्याहरूको दृष्टिकोणबाट कालातीत भैसकेको छ । तिनले के देखाउँछन् भने विश्वका हरेक विकसित देशहरूमा या त सोभियत सरकारले जित्छ या अति प्रतिक्रियावादी साम्राज्यवाद, साना तथा कमजोर राष्ट्रहरूको घाँटी अठ्याइराखेको र विश्वभरि प्रतिक्रियावादलाई पुनर्स्थापित गरिराखेको अति क्रूर साम्राज्यवाद, लोकतान्त्रिक गणतन्त्रको स्वरूपलाई प्रयोग गर्ने कलामा पुरा निपुर्णता हासिल गरेको अंग्रेज-अमेरिकी साम्राज्यवादले भन्ने कुराको अब अर्को विकल्प छैन ।” (भिलष्ल'क ऋर्यभिअतभम ध्यचपक, एचयनचभकक एगदष्किजभचक, :यकअयध, ख्यगिभ द्दड, ज्ञढठद्ध, उबनभ ज्ञडढ) । यहाँ लोकतान्त्रिक गणतन्त्रलाई इतिहासको दृष्टिकोणले कालातीत भइसकेको र त्यसको उपयोग साम्राज्यवादी देशहरूले गरिरहेको कुरालाई निकै राम्रोसित स्पष्ट पारिएको छ ।

यसैगरी माओले पहिलो विश्वयुद्ध र १९१७ को अक्टोबर क्रान्ति पश्चात् विकसित नयाँ युगको सन्दर्भमाथि ध्यानदिंदै तीन प्रकारका गणतन्त्रको उल्लेख गर्नुभएको छ, ती हुन्- पुँजीपति वर्गको अधिनायकत्वको गणतन्त्र, सर्वहारा वर्गको अधिनायकत्वको गणतन्त्र र सबै क्रान्तिकारी वर्गहरूको अधिनायकत्व अन्तर्गतका गणतन्त्र । यहाँ माओले पहिलो प्रकारको गणतन्त्रलाई पुराना लोकतान्त्रिक राज्यसँग सम्बन्धित गणतन्त्र बताउनु भएको छ र त्यो गणतन्त्र लोकतान्त्रिक गणतन्त्र हो । अर्थात् त्यो पुरानो युगको गणतन्त्र हो । दोस्रो प्रकारको गणतन्त्र रुसमा स्थापित सर्वहारा समाजवादी गणतन्त्र हो भने तेस्रो गणतन्त्र चीनमा स्थापित नयाँ जनवादी गणतन्त्र हो । यसरी हेर्दा एमाले तथा माके दुवै र अहिले तिनको पार्टीले नयाँ युगको नयाँ जनवादी तथा सर्वहारा समाजवादी गणतन्त्रलाई परित्याग गरी पुरानो युगको साम्राज्यवादले उपयोग गरिरहेको लोकतान्त्रिक गणतन्त्रलाई नयाँ युगको नयाँ मान्यताका रूपमा प्रस्तुत गर्न पुगेका छन् । यो निर्लज्ज प्रकारको पश्चगमन हो ।

**पाँचौं**: वर्गीय आत्मसर्मपणवाद । वर्गसंघर्ष तथा वर्गीय अधिनायकत्वको सिद्धान्तलाई परित्याग गरी विशुद्ध लोकतन्त्र वा सबै वर्गका लागि जनवादको कुरा गर्नु पश्चगामी वर्गका सामु सैद्धान्तिक तथा व्यावहारिक दुवै दृष्टिले लम्पसार पर्नु हो । यसलाई वर्गीय आत्मसमर्पणवादका रूपमा लिनु पर्दछ । पहिलेको एमाले तथा पछिको माके र अहिले यी दुवै मिलेर बनेको पार्टीले यही वर्गीय आत्मसमर्पणको बाटो पकडिसकेका छन् । उनीहरू दुवैले वर्गसंघर्ष तथा सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्तलाई परित्याग गरी वर्गसमन्वयवाद र पश्चगामी वर्गको अधिनायकत्वलाई स्वीकार गरिसकेका छन् । यो वर्गीय आत्मसमर्पणवाद र सर्वहारा वर्ग तथा उत्पीडित जनसमुदायको मुक्तिप्रति गरिएको गद्दारीको कुरूप नमुना हो ।

**छैटौं**: शान्तिपूर्ण संक्रमणको सिद्धान्त । मार्क्सवादले बलप्रयोगको सिद्धान्तलाई सार्वभौम मान्दछ । बलप्रयोगको सार्वभौम सिद्धान्तका विरुद्ध शान्तिपूर्ण संक्रमण तथा संसदीय चुनावी प्रतिस्पर्धाको सिद्धान्त अवलम्बन गर्नु दक्षिणपन्थी संशोधनवाद हो । हिजो एमालेले र आज माकेले क्रान्तिको साधन तथा बाटोका सन्दर्भमा यही दक्षिणपन्थी संशोधनवादलाई अवलम्बन गरेका छन् । उनीहरू एकीकृत पार्टीको सिद्धान्त पनि यही नै हो ।

**सातौं**: मिलेराँवादी चिन्तन । प्रतिक्रियावादी राज्यसत्ताको मन्त्रिमण्डलमा जानु मिलेराँवाद हो । यसलाई मन्त्रिमण्डलवाद पनि भनिन्छ । मिलेराँ फ्रान्सिसी आन्दोलनमा अवसरवादी धाराका एक अगुवा थिए । उनले १८९९ मा प्रतिक्रियावादी बुर्जुवा सरकारमा सामेल भई पेरिस कम्युनको हत्यारासित सँगै मिलेर काम गरे । एमालेले लामो समयदेखि मिलेराँवादको बाटो पकड्दै आएको थियो । आज माकेले त्यही काम गर्न पुगेको छ । अहिले यी दुवै मिलेराँवादी बन्न गएका छन् र उनीहरूको एकीकृत पार्टी पनि मिलेराँवादी मान्यतामा आधारित छ ।

**आठौं**: समाजवादको विभ्रम । एमाले र माके दुवैले आफूलाई समाजवादको पक्षधर बताउँदै जनतामा ठूलो भ्रमको सृष्टि गर्न खोजिरहेका छन् । आजको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा संसदीय गणतन्त्रलाई संस्थागत गर्न गइरहेका र वर्गसंघर्ष तथा सर्वहारा अधिनायकत्वको सिद्धान्तलाई परित्याग गर्न पुगेका शक्तिहरू के समाजवादको पक्षधर हुन सक्तछन् ? समाजवाद धेरै किसिमका छन् -प्रतिक्रियावादी, सुधारवादी, काल्पनिक, वैज्ञानिक आदि । के उनीहरू वैज्ञानिक समाजवादका पक्षधर हुन् ? यी प्रश्नहरूको सकारात्मक जबाफ दिन सकिदैंन । वस्तुतः ती वैज्ञानिक समाजवाद पक्षधर होइनन् । रुसी अक्टोबर समाजवादी क्रान्तिका सन्दर्भमा लोकतान्त्रिक गणतन्त्रको विरोध र सोभियत गणन्त्रबारे स्तालिन भन्नुहुन्छ- “दुई रसियाली क्रान्तिहरूको अनुभवको अध्ययनबाट र मार्क्सवादको सिद्धान्तको आधारमा, लेनिन कुन निष्कर्षमा पुग्नुभयो भने सर्वहारावर्गको अधिनायकत्वको लागि सर्वोत्तम राजनैतिक रूप संसदीय जनवादी गणतन्त्रबाट होइन, बरु सोभियतहरूको गणतन्त्र हो ।” (सोभियत संघको कम्युनिस्ट पार्टी (बोल्सेभिक) को इतिहास, अनु. कृष्णदास श्रेष्ठ, पृ.२८१, विविध पुस्तक भण्डार २०६२) । स्तालिनका उक्त भनाइ विशेष स्मरणीय रहेका छन् ।

**नवौं** : वाम तथा कम्युनिस्ट विभ्रम । हिजो एमालेले वाम, कम्युनिस्ट र साम्यवादको विभ्रम खडा गरी जनतालाई छक्याउने काम गर्दथ्यो । केही समययता माकेले ठीक त्यही गर्दै आयो । वस्तुतः ती दुवै र तिनको एकीकृत पार्टी न वाम हुन्, न कम्युनिस्ट नै र न त ती साम्यवादको पक्षमा नै छन् । आज जनतालाई भ्रमित पार्नका लागि उनीहरूको एकीकृत पार्टी पनि त्यही वाम तथा कम्युनिस्टको लेबल अर्थात् कलेबरमा पेश भएको छ ।

**दशौं** : साम्राज्यवाद तथा विस्तारवादको दलाली । एमाले र माके दुवै साम्राज्यवाद तथा विस्तारवाद परस्त रहिआएका छन् र हालै उनीहरूको एकीकृत पार्टी पनि त्यसै विरासतमा उभिएको छ । हिजो एमालेको पूर्ववर्ती मालेले पछिल्लो कालखण्डमा रुसी सामाजिक साम्राज्यवादलाई समाजवादी देख्दथ्यो । त्यसले भारतलाई विस्तारवादी होइन प्रभुत्ववादी भन्दथ्यो । एमालेकालको प्रारम्भमै त्यसले राष्ट्रघाती महाकाली सन्धि पारित गराउन ठूलो कसरत गरेको थियो । त्यसैगरी तत्कालीन नेकपा (माओवादी) को अवसरवादी हिस्साले केन्द्रीय समितिको चुनवाङ् बैठकको राजनीतिक प्रस्तावमा साम्राज्यवादसम्बन्धी लेनिन र माओको धारणा धेरैपछि परिसकेको कुरा बताएको थियो । त्यसले जनयुद्धको पछिल्लो कालखण्डमा भारतीय विस्तारवादी शासक वर्गसित देशको राष्ट्रिय स्वाधीनता र नेपाली क्रान्तिका विरुद्ध गम्भीर साँठगाँठ गर्दै आएको थियो । यसैक्रममा एमाले र माओवादीको एउटा हिस्साले माथिल्लो कर्णाली तथा अरुण तेस्रो भारतलाई सुम्पने काम गरेका थिए । यसै बिचमा भारतसित बिप्पा सम्झौता गरिएको थियो । २०७३ भदौ-असौजमा भारत भ्रमणको समयमा प्रधानमन्त्री पुष्पकमल दाहालले २५ बुँदे राष्ट्रघाती सम्झौता गरी विगतमा भएका सबै असमान सन्धि सम्झौताहरूमा सहमति समेत जनाएका थिए । नाकाबन्दीको समयमा प्रधानमन्त्री केपी ओली राष्ट्रिय स्वाधीनताको पक्षमा केही सकारात्मक देखिए पनि अहिलेको निर्वाचन पश्चात् उनमा भारतभक्ति बढ्दै गएको र हालै गरिएको उनको भारत भ्रमण तथा मोदीको नेपाल भ्रमणका बेला जारी संयुक्त वक्तव्यमा पुराना सबै सन्धि-सम्झौतामा लाहाछाप ठोकेको कुरा स्पष्ट नै छ । ती दुवै पार्टीले आफूलाई वाम र कम्युनिस्ट भनेर जति भ्रम दिन खोजे पनि साम्राज्यवादी निजीकरण तथा नवउदारवादप्रति ती बफादार रहिआएको कुरा स्पष्ट नै छ र उनीहरूको एकीकृत पार्टीको सोंच पनि त्यही नै रहेको छ । यो उनीहरूको साम्राज्यवाद तथा विस्तारवादको दलाली र राष्ट्रिय आत्मसमर्पणवादको कुरूप नमुना हो ।

समग्रमा यसरी एमाले तथा माके र उनीहरूको एकीकृत पार्टीका सैद्धान्तिक मान्यता र विशेषताबारे जुन उल्लेख गरियो, त्यसको निष्कर्षका रूपमा के भन्नु उपयुक्त हुन्छ भने अब उनीहरूको एकीकृत पार्टी दक्षिणपन्थी संशोधनवादसम्म मात्र सीमित रहेन र उनीहरूको एकीकृत पार्टीको प्रतिक्रियावादीकरण हुन पुगेको छ । यो नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा एउटा निकै ठूलो दुर्भाग्य हो ।

दक्षिणपन्थी संशोधनवादीहरूले मार्क्सवादीहरूमाथि जडसूत्रवादको आरोप लगाउँदै कथित सिर्जनशीलताको राग अलाप्दछन् र मार्क्सवादको परित्याग गर्दछन् । हामीले ठीक यहींनेर जडसूत्रवाद र संशोधनवादबीचको अन्तरलाई बुझ्न आवश्यक छ । जडसूत्रवादले सिद्धान्तको रक्षाका नाममा क्रान्तिका विकसित अनुभवहरूमाथि ध्यानदिंदैन । संशोधनवादले सिद्धान्तलाई पन्छाएर खालि अनुभव मात्रका आधारमा सिर्जनात्मकताको कुरा गर्दछ । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा हिजो एमालेले ठीक यही गरेको थियो र केही समययता माकेले पनि ठीक यही काम गर्दै आएको छ । उनीहरूको एकीकृत पार्टी पनि यसै धरातलमा खडा भएको छ । मार्क्सवादले सिद्धान्त तथा व्यवहार अर्थात् दुवैको द्वन्द्वात्मक सम्बन्धमा जोड दिन्छ र जडसूत्रवाद तथा संशोधनवाद दुवैको विरोध गर्दछ ।

जडसूत्रवाद र संशोधनवादबारे माओ भन्नुहुन्छ- “मार्क्सवादलाई अधिभूतवादी दृष्टिले हेर्नु र अलचिलो चीज ठान्नु जडसूत्रवाद हो । मार्क्सवादका आधारभूत सिद्धान्तहरूलाई नकार्नु र यसको विश्वव्यापी सत्यलाई नकार्नु संशोधनवाद हो । संशोधनवाद पुँजीवादी विचारधाराकै एउटा रूप हो । संशोधनवादीहरूले समाजवाद र पुँजीवाद बीचका भिन्नताहरूलाई सर्वहारा वर्गको अधिनायकतन्त्र र पुँजीपति वर्गको अधिनायकतन्त्र बीचका भिन्नताहरूलाई अस्वीकार गर्छन् । उनीहरूले जुन कुराको पुर्पच्छे गर्छन् वास्तवमा त्यो समाजवादी कार्यदिशा नभई पुँजीवादी कार्यदिशा नै हो । वर्तमान परिस्थितिमा जडसूत्रवादभन्दा बढी हानिकारक संशोधनवाद नै हो ।” (माओ त्सेतुङका संकलित रचनाहरू, भाग ५, पृ.३५५, अनु. खगेन्द्र संग्रौला, विश्व नेपाली पुस्तक सदन बागबजार २०६३) । माओका यी भनाइहरू वर्तमान सन्दर्भमा विशेष स्मरणीय रहेका छन् । आज एमाले र माके मिलेर बनेको दक्षिणपन्थी अवसरवादी पार्टीले जुन समाजवादी कार्यदिशाको कुरा गरिरहेको छ, त्यो वास्तविक अर्थमा समाजवादी कार्यदिशा नभई पुँजीवादी अर्थात् साम्राज्यवादी कार्यदिशा नै हो । वस्तुतः आज उनीहरूले साम्राज्यवादी कोणबाट जडसूत्रवादको विरोधका नाममा मार्क्सवादमाथि नै हमला बोलिरहेका छन् ।

पार्टी एकीकरण अर्थात् माकेको एमालेमा विलयको समयमा आयोजित कार्यक्रममा बोल्दै एमाले र माकेका दुवै अध्यक्षले पार्टी एकतालाई दुई पार्टीको मिश्रण नभएर यौगिक अर्थात् अन्तर्घुलन हो भन्ने कुरा बताएका थिए । यहाँनेर हामीले के बुझ्नु पर्दछ भने त्यसलाई मिश्रण वा यौगिक जे बताए पनि माकेको एमालेकरण नै हो । आफ्नो भाषणको क्रममा तत्कालीन माकेका अध्यक्ष प्रचण्डले यस प्रकारको घटनाक्रमलाई नयाँ युगको शुभारम्भ र गुणात्मक छलाङ बताएका थिए । वस्तुतः त्यो पुरानै युगतर्फको अतीतमुखी यात्रा र पश्चगामी छलाङबाहेक अरु केही होइन ।

अन्तमा हामीले कुन कुरामा विशेष जोडदिन जरुरी छ भने, क्रान्तिले गम्भीर धक्का खाएको र दक्षिणपन्थी संशोधनवादले प्रतिक्रियावादी स्वरूप ग्रहण गरेको वर्तमान अवस्थामा क्रान्तिकारी आशावादले समृद्ध भई नयाँ जनवादी क्रान्तिको तयारी र क्रान्तिकारी कम्युनिस्टहरूलाई एकतावद्ध तुल्याउने दिशामा दृढतापूर्वक अगाडि बढ्नु पर्दछ । वैज्ञानिक समाजवाद हुदै साम्यवादतर्फ अगाडि बढ्नु हाम्रो लक्ष हो । प्रतिक्रियावाद तथा संशोधनवादको पतन र क्रान्ति तथा मार्क्सवादको विजय अनिवार्य छ ।

## सन्दर्भ : ओली-प्रचण्ड एकता

# ख्रुश्चेभको नवसंशोधनवाद विरूद्ध माओको लडाइँ



● हुकुमबहादुर सिंह ●

नेपालमा नेकपा एमाले र माओवादी केन्द्र विघटन गर्दै 'अन्डरलाइन नयाँ कम्युनिस्ट पार्टी' गठन गरिएको घोषणा गरिएको छ । तर के यो साच्चै कम्युनिस्ट पार्टी नै हो त ? या अन्य समाजवादी राजनीतिक दल, नेपाली कांग्रेस, राप्रपा जस्तै तर नाम मात्रै कम्युनिस्ट पार्टी ? यसले बहसको आवश्यकताको माग गर्छ । भन्न त नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको ६९ वर्षपछि पुनर्गठन गरिएको भनिएको छ । तर कही नभएको जात्रा हाँडी गाउँमा भनेझैं पार्टीमा दुई जना अध्यक्ष बनाइएको छ । र, यो पार्टी खासमा दुई जना 'पुँजीवादी लेफ्टीनेन्टहरू'को पार्टी हो भन्दा अर्घेल्याई नहोला ।

जे भए तापनि यो पार्टी एउटा संसदीय राजनीतिक दल हो । कुरा के स्पष्ट हो भने आजभन्दा करीब ६२ वर्ष अगाडि सन् १९५६ को सोभियत सङ्घको कम्युनिष्ट पार्टीको विसौ कंग्रेसमा ख्रुश्चेभको नव संशोधनवादका विषयहरूलाई अन्य कम्युनिष्ट पार्टीहरू बीचमा फैलाउन सुरू गरेको इतिहास छ । । १९५३ मा, स्तालिनको मृत्युपछि ख्रुश्चेभद्वारा नेतृत्व गरिएको एउटा संशोधनवादी गुटले 'कु' गऱ्यो, र सोभियत सङ्घको कम्युनिष्ट पार्टीमाथि, अनि अन्तराष्ट्रिय सर्वहाराको नेतृत्वदायी पार्टीमाथि नियन्त्रण गऱ्यो । तिनीहरूले पार्टीमा रहेका क्रान्तिकारीहरूलाई या त हटाए अथवा मारे । समाजवादको पहिलो भूमिमा पुँजीवादको पुनः स्थापनाको प्रक्रिया सुरू गरे र साम्राज्यवादी क्याम्प, खासगरी अमेरिकी साम्राज्यवादसित सम्बन्धको विकास गरे ।

ख्रुश्चेभको नव संशोधनवादविरूद्ध माओको लडाइँ अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा "महान् बहस"को रूपमा प्रशिद्ध छ । तिनीहरूले एकैसाथ तथाकथित स्तालिन व्यक्तिवादी संस्कारमाथि आक्रमण गरे र शान्तिपूर्ण संक्रमण, शान्तिपूर्ण सहअस्तित्व र शान्तिपूर्ण प्रतिस्पर्धा तीन शान्तिपूर्ण प्रक्रियाको नीति अवलम्वन गरे । यो नेपालमा मदन भण्डारीले अगाडि ल्याएको जनताको बहुदलीय जनवाद (जबज) हो । ख्रुश्चेभको बदनाम नव संशोधनवाद नै सारमा नेपालमा मदनभण्डारीको जबजमा पुनरावृति हो । जसलाई एमाले र माकेको संयुक्त पार्टीले मार्गनिर्देशक सिद्धान्त मानेको छ ।

**शान्तिपूर्ण संक्रमण**

शान्तिपूर्ण संक्रमणको अर्थ संसदीय व्यवस्थाद्वारा समाजवादतर्फको शान्तिपूर्ण संक्रमण हो । ख्रुश्चेभले प्रस्ताव राख्यो कि वर्तमान युगमा संसदमा शान्तिपूर्ण रूपले एउटा बहुमत विजयद्वारा समाजवाद प्राप्त गर्न सकिने सम्भावना थियो र अनि समाजवाद ल्याउनलाई सुधारहरू गरेर ल्याउन सकिन्छ । उसले यसरी क्रान्तिको आवश्यकतालाई इन्कार गऱ्यो । यो सिद्धान्त वर्नस्टिन र अन्य सामाजिक -प्रजातन्त्रवादीहरूको संशोधनवादको एउटा पुनरावृत्ति थियो ।

**शान्तिपूर्ण सहअस्तित्व**

ख्रुश्चेभले समाजवादी राज्यको विदेश नीतिको जनरल लाइनको रूपमा भिन्नै सामाजिक प्रणाली भएका राज्यहरूबीच शान्तिपूर्ण सहअस्तित्व प्रस्ताव गऱ्यो । उसले यसरी पुँजीवादी राज्यहरूसित शान्तिपूर्ण सहअस्तित्वको लेनिनको नीतिलाई तोडमरोड गऱ्यो । यो सर्वहारा अन्तराष्ट्रवादको समाजवादी राज्यको विदेश नीतिको केबल एउटा पक्षमात्रै थियो । ख्रुश्चेभले साम्राज्यवादसित शान्तिपूर्ण सहअस्तित्वलाई कायम राख्ने उसको इच्छाबमोजिम सबै अन्य चीजहरूलाई यसको अधीन बनायो । उसले उत्पीडित राष्ट्रहरूको संघर्षलाई मद्दतको नीति र अन्य समाजवादी देशहरूलाई सहयोग दिन र सम्वन्ध बनाउन साम्राज्यवादी शक्तिहरूसित शान्तिपूर्ण सहअस्तित्वको आवश्यकतामाथि आधारित बनायो । यो यसरी केही पनि थिएन, केबल साम्राज्यवादसित साझेदारीको एउटा नीति थियो ।

**शान्तिपूर्ण प्रतिष्पर्धा**

शान्तिपूर्ण प्रतिस्पर्धा यो सिद्धान्त थियो कि पुँजीवाद र समाजवादबीच अन्तरविरोध पुँजीवादी र समाजवादी प्रणालीबीच आर्थिक प्रतिस्पर्धामार्फत् समाधान गरिने छ । यो सिद्धान्तले यसरी साम्राज्यवादको प्रतिक्रियावादी र युद्ध पिपासु चरित्रलाई स्विकार गर्न इन्कार गऱ्यो । यसले भ्रम सिर्जना गऱ्यो कि समाजवादी र साम्राज्यवादी क्याम्पबीचको अन्तरविरोध एउटा प्रतिरोधविहीन अन्तरविरोध थियो, जसलाई संघर्षको शान्तिपूर्ण रूपमार्फत् समाधान गरिने छ ।

यसरी ख्रुश्चेभको तीन शान्तिपूर्णहरूको सिद्धान्त एउटा पूरै संशोधनवादी सिद्धान्त थियो, जसलाई उसले अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमाथि लाद्न चाहन्थ्यो । यो साम्राज्यवादसित नजिकको सम्वन्ध बनाउनतिर निर्देशित थियो । उसको योजना कार्यान्वयन गर्न र साम्राज्यवादी शक्तिहरूको स्विकारोक्ति प्राप्त गर्न, ख्रुश्चेभले साथसाथै व्यक्ति विरोधको नाममा स्तालिनमाथि एउटा विषालु आक्रमण गऱ्यो । क्रान्तिकारी सिद्धान्त जुन स्तालिनले खडा गर्नु भएको थियो र यसको लागि लडनु भएको थियो, त्यसलाई तोड्न विश्वभरका क्रान्तिकारीहरू र जनसमूहहरूबीच स्तालिनको व्यक्तित्वलाई ध्वस्त गर्नु उसका लागि पहिलो आवश्यकता थियो । यो काम अनेकौ झुटहरू र फरेबहरूको प्रचारप्रसारको एउटा अभियानमार्फत् गर्न सकिन्थ्यो ।

त्यसेला विश्वका कम्युनिष्ट पार्टीहरूका घेरै नेतृत्वहरूले संशोधनवादी ख्रुश्चेभी लाइनको समर्थन गरे । घेरै विशिष्ट स्थापित नेताहरू र पार्टीहरूले उनीहरूका आफना देशहरूमा संशोधनवादी लाइन पहिला नै अपनाउन सुरू गरिसकेका थिए । अमेरिकामा ब्रोउडरले समाजवाद र पुँजीवाददीच साझेदारीको सिद्धान्त पहिले नै ल्याइसकेको थियो र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनबाट बाहिर गइसकेको थियो । थोरेज, फ्रान्सबाट प्रतिनिधित्व गरेको तेस्रो अन्तराष्ट्रियको नेता, ले फासिवादविरोधी मोर्चा अवधिमा पुँजीपतिहरूसित नजिकको सम्वन्ध विकास गरेको थियो । युद्धपछिका वर्षहरूमा फ्रेन्च उपनिवेशहरूका जनताप्रति राष्ट्रिय निरङ्कुशतावादी पदहरू लिएको थियो र फ्रेन्च साम्राज्यवादी पुँजीपतिको एउटा नोकर बन्यो । इटलीको तोगलियाती, अर्को प्रमुख तेस्रो अन्तराष्ट्रियको नेता, जसले पुँजीवादी संसदमार्फत् 'संरचनागत सुधार'गर्दै 'सुधार' र 'पुनर्सरचना'द्वारा पुँजीवादलाई समाजवादमा लैजान चाहन्थ्यो; भारतीय कम्युनिष्ट पार्टी नेतृत्वले शान्तिपूर्ण मार्गलाई स्वीकार गर्नलाई उनीहरूको कार्यनीतिक लाइन पहिले नै परिवर्तन गरिसकेका थिए । यसरी यी संशोधनवादी शक्तिहरू, जसलाई उनीहरूको सुरु अवस्थामा नै आवश्यकता बमोजिम आलोचना गरिएन र परास्त गरिएन, ख्रुश्चेभसित एकदमै खुशीसाथ साझेदारी गर्न पुगे ।



जहाँ यद्यपि यस्ता पार्टीहरूले कुनै पनि गाम्भीर्यताविना निर्वाचन प्रणालीमार्फत् ' शान्तिपूर्ण संक्रमण' कार्यान्वयन गर्ने कोशिस त गरे र जहाँ यस्ता प्रयासहरूले पुँजीवादी सामाजिक व्यवस्थामा खतरा देखियो, तिनीहरूलाई ब्राजिल (१९६४), इन्डोनेसिया( १९६५) र चिली (१९७३) जस्तै गरी सैनिक कू र जंगली उत्पीडन मार्फत् खतम पारियो ।

भरखरै नयाँ बनेका जनताको जनतन्त्रहरू, युगोस्लाभियाको टिटोले नेतृत्व गरेको कम्युनिष्टहरूको लिगले १९४८ बाट संशोधनवादी बाटो सुरू गऱ्यो । सामाजवादी क्याम्प छाड्यो । ख्रुश्चेभले त्यसै कारण ऊसित मित्रता बनाउन छिटै सुरू गऱ्यो । बाँकी रहेका सबैजसो नेतृत्वले पनि ख्रुश्चेभसित झुके । समाजवादी क्याम्पभित्र केबल चिनियाँ कम्युनिष्ट पार्टी र अल्बानियाको लेबर पार्टीर्ले मात्रै ख्रुश्चेभको संशोधनवादलाई पहिचान र अस्वीकार गऱ्यो र मार्क्सवाद-लेनिनवादको एउटा साहसी र प्रतिवद्धताका साथ रक्षा गऱ्यो ।

माओको निर्देशनमा चलेको चिनियाँ कम्युनिष्ट पार्टी यो संघर्षको अग्रभागमा थियो । विसौं सोभियत पार्टी कंग्रेसको दुई महिनाभित्रै चीनीयाँ कम्युनिष्ट पार्टीले सर्वहाराको अधिनायकत्वको ऐतिहासिक महत्वमाथि एउटा लेख प्रकाशित गऱ्यो । जसमा स्तालिनलाई एउटा उच्च र महान् मार्क्सवादी-लेनिनवादीको रूपमा उच्च मूल्याङकन गरियो । यसको लगत्तै डिसेम्वर १९५६मा अर्को लेख सर्वहाराको अधिनायकत्वको ऐतिहासिक महत्वमाथि ज्यादा जोड दिदै प्रकाशित गरियो । यसले जोड दियो कि समाजवादी क्याम्पले उसका मित्रहरू र शत्रुहरू को हुन् स्पष्टसित छुटयाउनु पर्दछ । यो पार्टी फोरमहरूभित्र खासगरी १९५७ मा ६० वटा भाइचारा पार्टीहरूको वैठकहरूमा र १९६० मा ८१ वटा भाइचारा पार्टीहरूको वैठकहरूमा र सोभियत पार्टी नेतृत्वसितका बैठकहरूमा ख्रुश्चेभवादी संशोधनवादी लाइनसित संघर्षका लागि र त्यसलाई पराजित गर्न एउटा सात वर्षे लामो प्रयाससितको योजनामा जोडिएको थियो ।

जब संघर्ष पेचिलो हुदै गयो जुन १९५९ मा सोभियत संशोधनवादीहरूले चीनबाट रक्षाको क्षेत्रमा उनीहरूले दिइएका प्राविधिक सहयोगबाट हात झिके । जुलाई १९६० मा चीनमा काम गरिरहेका सबै सोभियत प्राविधिक विशेषज्ञहरूलाई एक्कासी फिर्ता गरे । अलबानियासित पनि त्यही गरे । अप्रिल १९६० मा चिनियाँ कम्युनिष्ट पार्टीले लेनिनवाद जिन्दावाद प्रकाशित गऱ्यो र साम्राज्यवाद, युद्ध र शान्ति, सर्वहारा क्रान्ति र सर्वहाराको अधिनायकत्वमाथि लेनिनवादका आधारभूत सिद्धान्तहरूलाई उँचो गर्दै दुई अरू लेखहरू प्रकाशित गऱ्यो । यी लेखहरूले नाम उल्लेख नगरी सोभियत कम्युनिष्ट पार्टीको संशोधनवादी अवस्थितिहरूको विरोध गऱ्यो ।

संशोधनवादीहरूले यद्धपि उनीहरूका संशोधनवादी अवस्थितिहरूअझ ज्यादा व्यवस्थित गर्ने उनीहरूका प्रयासहरूसित निरन्तरता दिए । यसरी १९६१मा आयोजना गरिएको सोभियत कम्युनिष्ट पार्टीको बाइसौ कंग्रेसमा स्विकृत गरिएको कार्यक्रमले मार्क्सवाद-लेनिनवादको मूल मर्मलाई संशोधन गऱ्यो । यी सबै मूलतः सर्वहारा क्रान्तिका सिकाइहरू, सर्वहाराको अधिनायकत्व र सर्वहाराको पार्टीआदिमाथि संशोधन थिए । यसले घोषणा गऱ्यो कि सोभियत संघमा सर्वहाराको अधिनायकत्व अब ज्यादा आवश्यक छैन् र कि सोभियत कम्युनिष्ट पार्टीको सर्वहाराको अग्रदस्ताका रूपमा परिवर्तन गरिसकिएको थियो । कंग्रेसले एउटा "सबै जनताको राज्य"को सिद्धान्त र "समग्र जनताको पार्टी"लाई पहिले नै हास्यप्रद तरिकाले स्वीकृत गरिसकेको थियो । कंग्रेसमा ख्रुश्चेभले अल्बानियन पार्टीमाथि खुल्ला आक्रमण सुरू गऱ्यो र यसको नेता एन्भर होक्जालाई सत्ताच्युत गर्नसमेत आव्हान गऱ्यो । चाउ एन लाईले नेतृत्व गरेको चिनियाँ कम्युनिष्ट पार्टीको प्रतिनिधिमण्डलले यसको विरोध गऱ्यो ।

ख्रुश्चेभले चिनियाँ कम्युनिष्ट पार्टीमाथि खुल्ला आक्रमणका लागि सुरू गर्न अन्य कम्युनिष्ट पार्टीहरूलाई हौसला दिदै आव्हान गऱ्यो । सोभियत संघबाट प्रकाशित अनगिन्ति लेखहरूले चिनियाँ नेतृत्वमाथि आक्रमण पनि गऱ्यो । चिनियाँ कम्युनिष्ट पाटीले अन्त्यमा केही आक्रमणहरूको उत्तर दिन सुरू गऱ्यो । इटालियन पार्टीका तोगिलियात्ती, फ्रेन्च पार्टीका थोरेज, अमेरिकी कम्युनिष्ट पार्टीका गस हल र अरूहरूका विभिन्न सिरिजमा सातवटा लेखहरू जुन १९६२ को अनत्य र १९६३को सुरूमा प्रकाशित गरिए ।

चिनियाँ कम्युनिष्ट पार्टीका प्रमुख विचारहरूको एउटा सारांश १९६३क ो जुन १४ को प्रशिद्ध चिठीमा राखिएका थिए, जसको शिर्षक अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको जनरल लाइनसित सम्वन्धित एउटा प्रस्ताव थियो । यसलाई सोभियत संघको कम्युनिष्ट पार्टीले चिनियाँ कम्युनिष्ट पार्टीलाई एउटा खुल्ला चिठीद्वारा उत्तर दियो । समग्र सवाल अब खुल्ला रूपमा बाहिर आइसकेकाले, चिनियाँ कम्युनिष्ट पार्टीले बहसलाई खुल्ला प्रेसमार्फत् सञ्चालन गर्ने निर्णय गऱ्यो । यसले सोभियत संघको कम्युनिष्ट पार्टीको खुल्ला चिठीमाथि नौवटा आलोचनाहरू बाहिर ल्यायो र जनसमूहका अगाडि सबै सवालहरूलाई स्पष्ट बनायो ।

यो संघर्ष, जुन १९६३ मा खुल्ला रूपमा आयो । १९६४ भर निरन्तर रह्यो । जसलाई महान् बहसका रूपमा अन्तर्राट्रिय कम्युनिस्ट आन्दोलनमा प्रशिद्ध बन्यो । यो महान् बहस विश्व कम्युनिस्ट आन्दोलनका लागि अति नै ऐतिहासिक महत्वको थियो । सही मानेमा यो आधुनिक संशोधनवादविरूद्ध एउटा सैद्धान्तिक र विस्तृत संघर्ष थियो । यसले विश्वभरका सबै सर्वहारा क्रान्तिकारी शक्तिहरूका लागि विश्वास प्रदान गर्ने गऱ्यो । यो मार्क्सवाद-लेनिनवादको एउटा वैज्ञानिक विकास पनि थियो, जसले त्यो अवधिका लागि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा यसको क्रान्तिकारी जनरल लाइन दियो । यो संघर्षको पछाडिको चालक शक्ति माओ नै हुनुहुन्थ्यो । यही महान् बहसमार्फत ्माओले अन्तर्राष्ट्रिय सर्वहारावर्गका अगाडि सबैभन्दा महत्वपूर्ण प्रश्नहरूका उत्तर दिएर मार्क्सवाद-लेनिनवादको विज्ञानलाई विकसित गर्नु भयो । यसमा विश्वमा आधारभूत अन्तरविरोधहरू, को मित्रहरू र को शत्रुहरू हुन्, आन्दोलनको लक्ष्यहरू र विश्व समाजवादी क्रान्तिको विजय प्राप्त गर्नका लागि मार्ग आदि कुराहरू छन् । यी मान्यताहरू जुन १४ को चिट्ठयीमा प्रमुख रूपले राखिएको थियो । दोस्रो विश्व युद्धपछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले सामना गरिहेका विभिन्न गम्भीर सवालहरू-नव-संशोधनवाद, युद्ध र शान्ति, शान्तिपूर्ण सहअस्तित्व, युगोस्लाभिया, ख्रुश्चेभको संशोधनवाद र त्यसबाट झिकिएका ऐतिहासिक पाठहरूमाथि नौवटा आलोचनाहरूले क्रान्तिकारी अवस्थितिहरूलाई निश्चित र वर्णनात्मक गरायो । यो त्यही महान् बहसमार्फत् माओवादले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी पक्षहरूको मार्गनिर्देशक विचारका रूपमा अरू बढता स्वीकृति पायो । र अहिले नेपालमा एमाले र माकेको मिलनबाट नेपाली कम्युनिस्ट आन्दोलनमा काफी भ्रमहरू सिर्जना भएका छन् । तिनलाई जनताको बीचमा स्पष्ट पार्न अर्को महान् बहसको आवश्यकता छ र अहिले अन्तर्राष्ट्रिय स्तरमा स्थापित माओजस्ता क्रान्तिकारी नेता छैनन् । तर पनि अहिलेको आवश्यकता ख्रुश्चेभको नव संशोधनवाद विरूद्ध माओको लडाइँबाट पाठ सिक्दै एमाले र माकेविरुद्ध सैद्धान्तिक, राजनीतिक, वैचारिक बहसको महान् जिम्मेवारी पूरा गर्ने अभिभारा अहिले नेपालका केही सीमित क्रान्तिकारी कम्युनिस्टहरूका काँधमा आएको छ । र यीमध्ये तुलनात्मक रूपले हामीसित सैद्धान्तिक, राजनीतिक, वैचारिक बहसको महान् जिम्मेवारी पूरा गर्ने अभिभारा अहिले नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का अध्यक्ष क.मोहनवैद्य किरणको काँधमा आएको छ । हुन त सन् १९६३-०६४को समयको जस्तो कम्युनिस्ट आन्दोलन छैन्, अहिले नेपालमा कम्युनिस्ट नेता तथा कार्यकर्ताले सैद्धान्तिक, राजनीतिक, वैचारिक बहसको आवश्यकतातर्फ रुची राख्दैनन्, उनीहरूको ध्यान पद र पैसामा केन्द्रित भएको छ । देश र जनताको मुक्ति आफूले प्राप्त गर्ने त्यही पद र पैसामा तौलने गर्दछन् । तै पनि क्रान्तिकारीका लागि क्रान्तिकारी आशावादका साथ कसरी माओले ख्रुश्चेभको नवसंशोधनवाद विरूद्धको लडाइँ लड्दै मार्क्सवाद-लेनीनवादको विकासमा महत्वपूर्ण योगदान दिनुभएको थियो, त्यसबाट पाठ सिक्दै एमाले र माकेविरुद्ध सैद्धान्तिक, राजनीतिक, वैचारिक बहसलाई नेपाली जनताको बीचमा तीब्रताका साथ लैजाने महान् जिम्मेवारी पूरा गर्नै पर्ने भएको छ । यो महान् बहसमा नेपालका अन्य क्रान्तिकारी बुद्धिजीवीहरू, लेखकहरू तथा पार्टीका नेता र कार्यकर्ताहरूको सहभागिताको पनि त्यत्तिकै आवश्यकता पर्छ ।

*hukumsingh2012@yahoo.com*

# अनेकिरामुमोको अध्यक्षमा गौरव राई निर्वाचित

खोटाङ । नेकपा (क्रान्तिकारी माओवादी ) निकट अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले अध्यक्षमा गौरव राई र महासचिवमा प्रेमबहादुर राईलाई निवार्चित गरेको छ । 'सम्पूर्ण उत्पीडित जाति र वर्गहरू एक होऔं' भन्ने मूल नारासहित खोटाङ जिल्लाको हलेसीमा सम्पन्न भएको सम्मेलनले मोर्चाको उपाध्यक्षमा क्रमशः टङकमणि राई र जसोदा राई, सचिवमा क्रमशः राजकुमार राई र प्रबिण राई र कोषाध्यक्षमा गङगादेवी राई सहित २९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

उत्पीडित जाति, वर्ग, क्षेत्र, लिङ्ग, समुदाय र किरातीहरूको मुक्ति, आत्मनिर्णयको अधिकार, पहिचानसहितको संघीयताका लागि संघर्ष र आन्दोलनकै रूपमा सम्पन्न भएको सम्मेलनको उद्घाटन देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सिपि गजुरेलले गर्नुभएको थियो । पार्टीको नीति कार्यक्रमलाई लागु गर्दै सबैखाले प्रतिक्रियावाद, अवसरवाद, विस्तारवाद तथा साम्राज्यवाद र संशोधनवादका विरुद्ध संघर्ष गर्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न सशक्त रूपमा अगाडि बढने निर्णय तथा प्रतिबद्धता गरेको नवनिवार्चित अध्यक्ष राईले बताउनु भयो ।

सम्मेलनमा क्रान्तिकारी माओवादीका पिविएमद्धय राम आचार्य, नगेन्द्र राईलगायतका नेताहरूको विशेष उपस्थिति रहेको थियो ।


## सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

**...वर्गबोध...**

बजारमा उपलब्ध छ, आफ्नो प्रति बेलैमा सुरक्षित गरौं ।

प्रकाशन विभाग

वर्गबोध त्रैमासिक

# ज्युजको बर्बर आतंकमुनि प्यालेस्टिनी



गत सोमबार जेरुसलेम क्षेत्रमा फेरि प्यालेस्टिनीहरू मारिए । त्यो पनि आफ्नै घरआँगनमा । थोरै हो र ? ५८ जनाको लाश खात लाग्यो । सैयौं अन्य घाइते बनाइए । हजारौं प्यालेस्टिनी आफन्तहरू बीचको नाता चुँडाउँदै उनीहरूको प्राण पखेरु उड्यो । त्यो पनि क्षणभरमा, इजरायली ज्युजहरूले हानेको बन्दुकबाट ।

विषय थियो अमेरिकी दूतावास तेलअविव भन्ने ठाउँबाट जेरुसलेममा सार्न लागेको । आखिर अमेरिकी दूतावास जेरुसलेम सारियो । यो सार्नुको आशय थियो, प्यालेस्टिनीहरूको विस्थापनलाई सही भएको ठहर गर्दै इजरायललाई अन्तर्राष्ट्रिय वैधानिक मान्यता दिनु । यसको विरोधमा प्यालेस्टिनीहरू सडकमा ओर्लिए । इजरायली सरकारले कत्लेआम हत्या गऱ्यो ।

यो घटनाले सन् २०१४ मा इजरायलले प्यालिस्टिनीमाथि घटाएको यस अघिको क्रुर आतङ्कलाई पनि बिर्साएको छ । आखिर किन घटिरहन्छ जेरुसलेममा यस्ता घटनाहरू ? त्यहाँ निरन्तर लडाइँ छ किन ? केका लागि ? यो प्रश्न विश्व जनमानसमाझ हृदय दुखाउने घाउ बनेको छ अहिले ।

यसको एउटै जवाफ छ, यो माटोको लागि लडाइँ हो । भूमि र जन्मभूमिको लागि लडाइँ हो । जेरुसलेम पहिल्यैदेखि प्यालिष्टिनी मुस्लिमहरूको भूमि हो । तर क्रिश्चियन ज्युजहरू त्यहाँ पुगेपछि प्यालेस्टिनी भूमि कब्जा गरेर इजरायल भन्ने देश खडा गरे । यसको उद्देश्य मुस्लिमविरुद्ध क्रिस्चियन किल्लाबन्दी गर्नु रहेको छ ।

क्रिश्चियन ज्युजहरूको अतिक्रमण वा आगमन र स्थानीय मुस्लिमहरूको बसोवास संगसंगै अघि बढ्यो । उक्त संयुक्त बसोबास ज्युजहरूका भित्री नराम्रा मनसायका कारण भताभुङ्ग हुन पुग्यो । जेरुसलेम भनिने भूभागको पश्चिमी भागसमेत मिसाएर उनीहरूले छुट्टै देश इजरायल बनाए । पूर्वी भाग प्यालेस्टिनीको रहिरह्यो । र, उनीहरू गुमेको पश्चिमी भाग फिर्ता लिने गरी लडाइँ लड्न थाले ।

तर पछि सन् १९६७ मा आइपुग्दा पश्चिमा क्रिश्चियन देशहरू र मुख्य गरी अमेरिकी शासकहरूको प्रत्यक्ष समर्थन र सहयोगमा प्यालेस्टिनीहरूको बसाइँ रहेको पूर्वी जेरुसलेम पनि इजरायलमा गाभिदिए । ठूलो रक्तपात भयो । तर पश्चिमा शक्तिहरूले इजरायलको बचाउ गरे । उल्टै प्यालेस्टिनीहरूलाई आतङ्ककारी करार गरे ।

संयुक्त राष्ट्र संघमा यो विषयले प्रवेश पायो पनि । तर अमेरिका लगायत भिटो प्राप्त पश्चिमा राष्ट्रहरूले भिटो प्रयोग गरेर प्यालेस्टिनीहरूमाथि घोर अन्याय गरे । संयुक्त राष्ट्र संघ देखाउने दाँतमात्र साबित भयो । इजरायल राज्य स्थापना भएपछि दशकौंदेखि लाखौं प्यालेस्टिनीहरू विस्थापित र घरवारविहीन हुँदै आएका छन् । उनीहरूको लडाइँ आफ्नो माटो फिर्ता पाउँ भन्ने न्यायपूर्ण लडाइँ हो ।

गत सोमबार इजरायल र गाजापट्टी क्षेत्रमा इजरायली सरकारले गरेको ५८ जना निशस्त्र प्यालिष्टिनीहरूको हत्या एक क्रुर तथा अमानवीय श्वेत आतङ्क हो । तर यस घटनालाई इजरायली प्रधानमन्त्री नेतन्याहुले लाज नै नमानेर 'आत्म सुरक्षा'का लागि गोली चलाएको बताएका छन् । इजरायली सेनाले आतङ्कवादी गतिविधि नियन्त्रण गरेको भनेको छ । संयुक्त राष्ट्र संघले इजरायलको तर्फबाट 'अत्यधिक बल प्रयोग' भएको मात्र भनेको छ ।

विश्वभर मानवअधिकारवादीहरूले यस घटनाको घोर निन्दा गरेका छन् । तर अमेरिकी राष्ट्रपति ट्रम्पले भने यो घटना स्वाभाविक भन्दै त्यसको बचाउ गरेका छन् । यस अघिका अमेरिकी राष्ट्रपतिहरूले पनि एकतर्फी इजरायलको पक्षमा मत जाहेर गर्दै आएका छन् ।

# साउदी अरबमा महिला अधिकारकर्मीहरू गिरफ्तार



एजेन्सी । साउदी अरवमा ७ जना महिला अधिकारकर्मीहरू गिरफ्तार गरिएको छ । गिरफ्तार गरिएका महिला अधिकारकर्मीहरूको सम्बन्ध बाह्य शक्तिकेन्द्रसँगको सम्बन्ध रहेको सरकारको दाबी रहेको छ भने अधिकारकर्मीहरूले महिलाहरूलाई तर्साउनको निमित्त सरकारले गिरफ्तार गरेको आरोप लगाएका छन् ।

महिलाहरूले गाडी चलाउन प्रतिबन्ध रहेको साउदी अरवमा केही हप्ता पछि नै गाडी चलाउन पाउने कानून कार्यान्वयन हुँदैछ तर त्यस केही समय अगाडिमात्र त्यो प्रतिबन्ध हटाउने अभियानमा संलग्न महिला अधिकारकर्मीहरूलाई पक्राउ गर्नु भनेको महिलाहरूलाई फेरी पनि तर्साउन कै लागि हो भन्ने अधिकारकर्मीहरूको धारणा रहेको छ । महिलाहरूले स्वतन्त्र र खुल्ला जीवन जीउन पाउनु पर्ने भन्दै अधिकारकर्मीहरू साउदी अरवमा सक्रिय रहँदै आए छन् ।

साउदी अरवमा महिलाहरूको लागि निकै कडा कानून रहेको छ । त्यहाँ महिलाहरूले केही पनि सामान्य काम, निर्णय गर्न पनि पुरूपहरूको स्वीकृति अनिवार्य रूपमा लिनु पर्ने छ, जस्तो कि सामान्य विदेश यात्रा होस् या ब्यापार व्यवसाय नै शुरु गर्ने किन नहोस् ।

# एमाले–माकेको कथित एकतालाई कसरी हेर्ने ?



● प्रेम सुवेदी

**यो एकता कम्युनिष्ट एकता होइन, मात्र तात्कालिक लाभका लागि गठजोड मात्र हो । जहाँसम्म कम्युनिष्ट पार्टीको एकताको कुरा छ त्यो वैचारिक, राजनैतिक तथा संगठनात्मक सिद्धान्तमा आधारित हुन्छ र त्यसले तात्कालिक लाभका आधारमा होइन समग्र कम्युनिष्ट आन्दोलन र अभियानलाई केन्द्रमा राखेर नै एकीकरण र ध्रुवीकरण गर्दछ र गर्नुपर्दछ । अवसरवादी उदेश्यद्धारा प्रेरेरित एमाले र माकेको एकताले कम्युनिष्ट आन्दोलनमा तत्कालमा केही भ्रम सृजना अवस्य गर्नेछ । र, ती भ्रमलाई चिर्न तथा कम्युनिष्ट आन्दोलनलाई एकीकरण गर्न क्रान्तिकारी शक्तिहरूले विशेष भूमिका खेल्नु पर्ने आवश्यकता छ । स्वयं एमाले र माकेमा रहेका क्रान्तिकारीहरूले पनि यो विषयलाई समय मै सोच्न जरूरी छ ।**

यतिवेला देशको राजनीतिमा एमाले र माके बीचको एकताले प्राथामिकता पाएको छ । र, संचार क्षेत्र पनि त्यो एकताको पक्षमा बढीनै केन्द्रीत भएको देखिन्छ । जहाँसम्म एमाले र माकेको पार्टी एकताको कुरा छ, त्यसलाई कसरी हेर्ने ? एकताले देशको रानीतिमा कस्तो प्रभाव पार्ला ? र, कम्युनिष्टहरूले यो एकताप्रति कस्तो नीति अवलम्बन गर्ने भन्ने जस्ता विषयहरूमा छलफल गर्न जरुरी छ ।

सामान्यरूपमा हेर्दा दुई अलग अलग पार्टी एकै ठाँउमा आउनु आफैमा नराम्रो कुरा होइन, तात्कालिक दृष्टिकोणले मात्र हेर्दा विषय सकरात्मक देखिए पनि कम्युनिष्ट आन्दोलनको कोणबाट हेर्दा यो एकताले गम्भीर नकरात्मक परिणाम दिएको छ । संसदीय प्रतिक्रियावादी राज्यसत्ता विरुद्ध संघर्षको नेतृत्व गर्दै आएको माओवादी शक्तिको एउटा ठूलो हिस्सा संसदीय व्यवस्थामा समाहित हुने कुरा आफैमा राम्रो विषय थिएन र होइन । तर भयो त्यही । सबै विषयको फैसला कार्यदिशाले गर्दछ भन्ने माओको भनाई फेरी एकपटक सबैको मानसपलटमा घुमीरहेको छ । कार्यदिशा सही छ भने नभएको चिज पनि प्राप्त हुन्छ । यदि कार्यदिशा गलत छ भने भएको चिजपनि गुम्नेछ भन्ने भनाई माकेको सन्दर्भमा राम्रो सँग उद्घाटित भएको छ । त्यो कुरा खाली माकेको सन्दर्भमा मात्र होइन सबैको सन्दर्भमा पनि सत्य हो । एमाले र माकेको पार्टी एकताको विषयलाई कतिपय बुद्धिजीवीहरूले कम्युनिष्ट एकताको रूपमा अर्थ्याइरहेका छन् । त्यो सरासर झुट र गलत प्रचार मात्र हो । यो एकता कम्युनिष्ट एकता होइन, मात्र तात्कालिक लाभका लागि गठजोड मात्र हो । जहाँसम्म कम्युनिष्ट पार्टीको एकताको कुरा छ त्यो वैचारिक, राजनैतिक तथा संगठनात्मक सिद्धान्तमा आधारित हुन्छ र त्यसले तात्कालिक लाभका आधारमा होइन समग्र कम्युनिष्ट आन्दोलन र अभियानलाई केन्द्रमा राखेर नै एकीकरण र ध्रुवीकरण गर्दछ र गर्नुपर्दछ । अवसरवादी उदेश्यद्धारा प्रेरेरित एमाले र माकेको एकताले कम्युनिष्ट आन्दोलनमा तत्कालमा केही भ्रम सृजना अवस्य गर्नेछ । र, ती भ्रमलाई चिर्न तथा कम्युनिष्ट आन्दोलनलाई एकीकरण गर्न क्रान्तिकारी शक्तिहरूले विशेष भूमिका खेल्नु पर्ने आवश्यकता छ । स्वयं एमाले र माकेमा रहेका क्रान्तिकारीहरूले पनि यो विषयलाई समय मै सोच्न जरुरी छ ।

एमाले र माके बीचको एकता कम्युनिष्ट मूल्य मान्यता र आदर्शको जगमा होइन, संसदीय व्यवस्थामा कसरी बढी फाइदा लिने भन्ने उदेश्यद्वारा नै निर्देशित छ । सो कुरा स्वयं एमाले र माकेका नेताहरूले नै घोषणा गरीरहेका छन । पार्टी एकताको घोषणासभालाई सम्बोधन गर्दै सो पार्टीका नेता तथा प्रधानमन्त्री केपी शर्मा वलीले भनेका छन "हामी अब एउटा प्रदेश वाहेक सबै प्रदेश र संघीय संसदमा स्पष्ट वहुमतको पार्टी बनेका छौं र स्थानिय तहमा पनि हाम्रो स्पष्ट वहुमत छ, अब हामीलाई कसैले केही गर्न सक्दैन ।" उपरोक्त भनाईले नै स्पष्ट गर्दछ यो एकताको केन्द्रीय विषय वस्तु वर्तमान सरकारलाई निरन्तरता दिन र संसदमा वहुमत कायम राख्ने उदेश्यद्वारा प्रेरेरित छ । एक अर्को प्रसंगमा केपी शर्मा वलीले भनेका थिए "हामी विचारधारात्मक कम्युनिष्ट होइनौं, राजनैतिक कम्युनिष्ट हौं" यो भनाईले पनि उनीहरू कम्युनिष्ट नभएको कुरा स्पष्ट गर्दछ । तर नेपालको जनमत कम्युनिष्ट आन्दोलन प्रति दृढ रहेकोले उनीहरूले कम्युनिष्ट पार्टीको नाममा भ्रम सृजना गर्दै आइरहेका छन् । जबसम्म क्रान्तिकारीहरूले दक्षिणपन्थी संसोधनवादीहरूका भ्रमलाई चिर्न र शसक्त पार्टी निर्माण गर्न सक्दैन यतिवेला सम्म यसप्रकार भ्रमहरू कायमै रहन्छन । यही विषयलाई ध्यान दिंदै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले आफ्नो राष्ट्रिय सम्मेलनबाट स्पष्ट नीति, कार्यक्रम र योजना साथ क्रान्तिकारी शक्तिहरूलाई एकीकरण र ध्रुविकरण गर्ने उदेश्य सहित प्रस्तावहरू अगाडि सार्दै आइरहेको छ । ती प्रस्तावहरूको सान्दर्भीकता र महत्व अरु बढेर गएको छ । एमाले माकेको एकता संसोधनवादी र अवसरवादी गठजोड मात्र रहेकोले सबै क्रान्तिकारी शक्तिहरू गम्भीर हुन जरुरी छ । अवसरवाद तथा संसोधनवादका विरुद्धको वैचारिक संघर्ष शक्तिसाली क्रान्तिकारी पार्टी निर्माणद्वारा नै दिन सकिनेछ । र, त्यसका लागि मुख्यतः क्रान्तिकारी वर्ग, समुदायमा भर परेर नै पार्टी निर्माण गर्न जरुरी छ । त्यतिमात्र होइन अलग अलग ठाँउमा रहेका क्रान्तिकारी शक्तिहरू पनि पार्टी निर्माण कार्यमा एकजुट हुन आवश्यक छ । एकतालाई भावनात्मक भाव पैदा गर्ने उदेश्यद्वारा मात्र होइन, विचारधारात्मक आधारमा निर्माण गर्नू पर्दछ । वैचारिक, राजनैतिक तथा संगठनात्मक सिद्धान्तका जगमा सिद्धान्तनिष्ठ एकताले मात्र त्यो कार्यभार पुरा गर्न सक्दछ ।

कम्युनिष्ट पार्टी निर्माणको सन्दर्भमा लेनिनको यो भनाइ समसामयिक छ । "पहिले हाम्रो पार्टी विधिवत रूपमा संगठित संस्था थिएन, बरु छुट्टा छुट्टै समूहहरूको योग मात्र थियो, त्यसैले ती समूहहरूको माझमा विचारधारात्मक प्रभावको सम्बन्ध वाहेक अन्य सम्बन्धहरू हुन सम्भव थिएन । अब हामी संगठित पार्टी बनिसकेका छौं ।" उपरोक्त भनाईले एमाले र माकेको पार्टी एकता र हाम्रो पार्टी निर्माणको संकल्प दुवै कुरालाई प्रतिनिधित्व गर्दछन् । जस्तो एमाले र माकेको पार्टी एकता विधिवत पार्टी होइन त्यो मात्र गुटहरूको योग हो । र, त्यसप्रकारका गुटले क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्न सक्दैन र त्यो आफ्नो अवसरवादी स्वार्थका लागि जोडिएको जमात मात्र हो भने हाम्रो पार्टी निर्माण र एकताको संकल्प देशको राष्ट्रिय स्वाधिनताको रक्षा तथा उत्पीडित वर्ग र समुदायको मुक्तिका साथै विश्व सर्वहारा वर्गको आन्दोलनलाई निरन्तर अगाडि बढाउने महान उदेश्यद्वारा प्रेरित छ ।

# नेपालको सप्तकोशी उच्च बाँध र भारतको अभीष्ट



● सीताराम तामाङ

१) **के हो सप्तकोशी नदी ?**

कोच आदिवासी जातिको नामबाट कोशी नदीको नाम रहेको भन्ने भनाइ छ। यो नदी नेपालको नदीहरूमा सबैभन्दा ठूलो हो । चीनको तिब्बत, नेपालको पूर्वी क्षेत्र र भारतको पूर्वी बिहार हुँदै यो नदी ७७० कि.मि.को यात्रापछि बिहारको कूर्सिला क्षेत्रमा गंगा नदीमा मिसिन पुग्दछ। कोशीको कुल प्रवाह क्षेत्र ९२ हजार वर्ग कि.मि.मध्ये तिब्वतमा ३० हजार वर्ग कि.मि. नेपालमा ४१ हजार वर्ग कि.मि. र भारतको विहारमा २० हजार वर्ग कि.मि. रहेकोछ (उमानाथ रिजाल, स्मारिका-२०६८: १६-१६, सानो थिमी क्याम्पस, भक्तपुर) । पूर्वी नेपालका इन्द्रावती, सुनकोशी, तामाकोशी, लिखु, दुधकोशी, अरुण र तमोर मिलेर सप्तकोशी प्रवाह प्रणालीको सञ्जाल बनेको छ । अरुण (फुङ्चो), सुनकोशी (म्हार गन्धी) र तामाकोशी भोटेकोशी हुन, जुन नदीहरू हिमालको उत्पत्तिभन्दा पहिलेदेखि नै उत्तरबाट दक्षिणतर्फ बगिरहेका आदिकालका ब्लतभअभमभलत नदीहरू हुन् भने अरु हिमाल पर्वत श्रृङ्खलाको उत्पत्तिसँगै दक्षिणतर्फ बगेका नदीहरू हुन (उमानाथ, ऐ.ऐ.) ।

कोशी नदीले बराह क्षेत्र (चतरा) भएर मैदानी भागमा प्रवेश गर्दा वार्षिक



५० हजार ९ सय मिलियन क्यूविक मिटर पानी बगाउँदछ । वार्षिक सरदर बहाब १ हजार ६ सय १४ क्यूविक मिटर प्रतिसेकेण्ड छ। अधिकतम बाढी गएको वर्षमा पानीको बहाव २४ हजार २ सय १७ क्यूविक मिटर प्रतिसेकेण्ड रेकर्ड भएको छ। कोशी नदीले गंगाको जल प्रवाहमा ठूलो योगदान दिएको छ। (याद रहोस् नेपालको नदीहरूबाट बग्ने पानीले गंगा नदी प्रवाहको ७० प्रतिशत हिस्सा ओगटेको छ।)

कोशी नदीको एउटा अनौठो विशेषता के छ भने अत्यधिक बालुवा (वार्षिक १७ मिलियन घन मिटर) ओसार्ने हुँदा यो नदीले धार परिवर्तन गरिरहन्छ । भौगर्भिक इतिहासको लामो कालखण्डमा कुनै बेला कोशी नदी ब्रम्हपुत्र नदीमा मिसिन पुगेको थियो भने कुनै बेला अहिले मिसिएको गंगा नदीभन्दा पश्चिममा मिसिन पुगेको थियो । सन् १७३० देखि १९५० सम्म कोशी नदी १ सय १५ कि.मि. पश्चिम सरेको रेकर्ड गरिएको छ । यो नदीले बेलाबेलामा बिहार कैयन बस्तीहरू उजाडेको थियो। त्यसैले गोरा साहबहरूले यो नदीलाई 'बिहारको दुःख' भनेका हुन् ।

२) **नेपालमा बाँध बाध्नुपर्ने निष्कर्ष:**

बिहारको दुःख भनिने कोशी नदीको बाढी नियन्त्रण र सुख्खा समयमा सिंचाई बृटिश सरकारकै लागि टाउको दुःखाईको विषय थियो । बृटिश सरकारले सन् १८७० देखि नै कोशी नदीमा तटबन्ध निर्माण गर्ने बारेमा अध्ययन थालेको थियो। उक्त अध्ययनबाट बिहारमा नभएर नेपालको बराहक्षेत्र (चतरा)बाट तटबन्ध सुरु गर्नुपर्ने निष्कर्षमा पुगेर सन् १८९७ मा बृटिश सरकारले नेपालको चतरामा बाँध निर्माण गर्न नेपाल सरकारसँग अनुमति मागेको थियो । तत्कालीन श्री ३ वीर सम्शेरले अनुमति दिएका पनि थिए । तर परियोजना अघि बढेन । बृटिश सरकारले सन् १९४४ मा अर्को सर्भे गराए। भातरमा नयाँ सरकार आयो र त्यो सरकारले सन् १९५१ मा बराह क्षेत्रमा उच्च बाँध निर्माणका लागि भनेर अर्को समिति बनायो । तर त्यसले ठोस विचार दिन नसकेपछि विकल्पमा भारत सरकारले हालको कोशी ब्यारेज निर्माणको सम्झौता नेपालसँग सन् १९५४ अप्रिल २५ मा गरेको थियो।

भारतले सप्तरीको भारदह र बिहारको वीरपुरको बीचमा ५६ ढोका सहितको ब्यारेज निर्माण गरी सन् १९६५ अप्रिल २४ मा सञ्चालनमा ल्यायो। ब्यारेजको पूर्वपट्टी नहर निर्माण गरी बिहारमा सिंचाईको लागि ठूलो भंगालो पानी लगिएको छ र कट्टैयामा २० मेगावाटको विद्युत-गृह निर्माण गरिएको छ । ब्यारेजमा आवश्यक पानी जमाउनका लागि सप्तरीपट्टी १२ कि.मि. लामो तटबन्ध, सुनसरीपट्टी ब्यारेजदेखि उत्तर ४० कि.मि. सप्तरीमा भारदहदेखि दक्षिण नेपाल- भारत सीमानासम्म १५.४ कि.मि. लामो तटबन्ध बनाइएको छ।

कोशी ब्यारेज परियोजना नेपाल-भारत दुई पक्षीय सम्झौताबाट (असमान) निर्माण गरिएको हो। तसर्थ यसमा पूर्णतः भारतीय नियन्त्रण रहेको छ । यसबाट नेपालले लाभ लिन सकेको छैन र संभावना पनि देखिँदैन । उल्टो चाँही के भएको छ भने नेपालको कोशीको पानीमाथिको अधिकार (माथिल्लो तटीय अधिकार) खोसिएको छ । त्यसैकारण सुनकोशी-कमला नदी डाइभर्सन योजना लागु हुन सकेन र धरान नगरपालिकाले नगरको लागि खानेपानी कोशी नदीबाट लैजान सकेन । कोशीको पूर्व तर्फको तटबन्ध २०६५ मा फुट्यो (उक्त तटबन्ध मर्मत गर्ने अधिकार नेपाललाई छैन) र उक्त तटबन्ध मर्मत गर्ने बहानामा विराटनगरमा खोलिएको एउटा कार्यालय अनाधिकृत रूपमा आजसम्म पनि बसिरहेको छ । तर भारतको बद्धदो जनसंख्याले प्रशिद्ध अर्थशास्त्री गोल्डम्यान सचको भविश्यबाणी अनुसार आगामी एक दशकभित्रै चीनको जनसंख्यालाई उछिन्ने छ र भारतको बढेको जनसंख्यालाई खाद्यान्न र पानीको चर्को अभाव हुनेछ । त्यसका लागि भारतले नेपालमा भएको पानीलाई भरपुर उपयोग गर्ने "बृहद नदी जोड" परियोजना लागु गरेको छ। भातरले नेपालको सहमति विना नै महाकाली, कर्णाली, गण्डकी, बागमती, कोशी, मेची आदि नदीलाई उक्त "बृहत नदी जोड" परियोजनाभित्र पारेर नेपाल-भारत बीचको अन्तर्राष्ट्रिय सीमानाको नजिक नेपालको तराई-भूभाग डुवानमा पर्ने गरी बाँध बाध्ने काम गर्दै आएको छ । यो भारतको धेरै ठूलो सिंचाई परियोजना हो । यसमा भारतभित्रका १६ वटा र भारत बाहिरका १५ वटा गरी जम्मा ३१ वटा ठूला नदीहरू जोडिने छन् । यो परियोजनाबाट भारतले थप ३ करोड ४० लाख हेक्टरमा सिंचाई र ३४ हजार मेगावाट विजुली उत्पादन गर्नेछ । उक्त नीति अनुसार हालको सप्तकोशी बराज परियोजना सानु भएको छ । सप्तकोशी उच्च बाँधलाई बिहारको बाढी नियन्त्रण गर्नेमात्र नभई "नदी जोड" परियोजनाको अभिन्न अंग समेत बनाइने छ । सप्तकोशी उच्च बाँध परियोजना सफल हुनसकेमा त्यहाँ सञ्चित पानीले पूर्वतर्फ मेची नदी भएर बिहारको २ लाख १५ हजार हेक्टर जमिन सिंचाई हुनेछ भने पश्चिमतर्फ गण्डकीसँग मिसाएर करिब २ लाख हेक्टर जमिन सिंचाई गरिनेछ ।

३) **नेपाललाई दूरगामी असर**

बिहारको बाढी नियन्त्रण र उत्तरी भारतको विशाल सुख्खा क्षेत्रमा सिंचाई गर्ने हिसाबले नेपालको बराह क्षेत्रमा प्रस्तावित २ सय ६९ मिटर अग्लो बाँध नै यो उच्च बाँध हो। यो परियोजनाको जलासय १९५ वर्ग कि.मि. हुनेछ । परियोजनाले ६९६ वर्ग कि.मि. उर्बर भूमि, ७८ वर्ग कि.मि. बन क्षेत्र र अन्य जमिन ५० वर्ग कि.मि. डुबाउने छ। त्यसबाट पूर्वी नेपालका १० जिल्लाका साविक ७९ गा.वि.स.का एक लाख भन्दा बढी बासिन्दा विस्थापित हुनेछ । सन् १९९१ मा तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको भारत भ्रमणको बेला कोशी उच्च बाँध परियोजना निर्माण गर्नेबारे नेपाल-भारत बीच सहमति भएको थियो। सन् १९९६ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण हुँदा यो परियोजनालाई अघि बढाउने सहमति भएअनुसार सन् १९९७ मा दुबै देशका विज्ञहरूको एउटा टिमले थप गृहकार्य गरेको थियो र त्यसले सन् २०१३ को फेब्रुअरीभित्रै सप्तकोशी बाँधको डी.पी.आर. पूरा गर्ने सुझाव दिएको थियो । तर स्थानीयको विरोधको कारण परियोजनाको डि.पी.आर. तयार हुन सकेन (रतन भण्डारी, अन्नपूर्ण पोष्ट.कम/न्यूज डिटेल्स/८०२६९) । वि.सं. २०७४ फागुन १ गते नेपालको ओली सरकारले उक्त बाँधसम्बन्धी काम अघि बढाउने अनुमति दिएको थियो (कान्तिपुर, २०७४/११/०२) प्रधानमन्त्री के.पी. ओलीको भारत भ्रमणले परियोजना निर्माणका बाँकी कामहरू चाँडोभन्दा चाँडो कार्यान्वयन गर्ने सहमति समेत गऱ्यो । (चैत २३-२५, २०७४ मा ओली-मोदी बीचको १२ बुँदे विज्ञप्ति) ।

४) **नेकपा (क्रान्तिकारी माओवादी)ले किन विरोध गरेको हो ?**

हाम्रो पार्टीले नेपालको प्राकृतिक स्रोत-साधनलाई लिएर गरिएका सम्पूर्ण राष्ट्रघाती सन्धि, सम्झौताहरूको विरोध गर्दै आएको छ। यसै सिद्धान्तको आधारमा सप्तकोशी उच्च बाँध, अरुण-३ र माथिल्लो कर्णालीलाई लिएर भएको राष्ट्रघाती सम्झौताहरूको पनि विरोध गरिएको हो।

जगजाहेर छ कि जलसम्पदाको हिसाबले नेपाल विश्वकै धनी देशहरूमा पर्दछ । हाम्रो देशको प्राकृतिक श्रोत-साधनको समुचित उपयोग गर्न सकेको भए आजको दिनसम्ममा नेपाल एक विकसित मुलुक बनी सक्दथ्यो । तर विडम्वनाको कुरो विदेशी शक्तिहरूले हाम्रो जलसम्पदामाथि एकाधिकार जमाउँदै आएको हुनाले मुलुकको विकास सम्भव भएन । भारतीय विस्तारवादको नेपालको पानीमाथि एकाधिकार कायम राख्ने नवऔपनिवेशिक नीति अनुरूप नै प्रधानमन्त्री ओलीले नेपालको सप्तकोशी उच्च बाँध परियोजना भारतलाई सुम्पने आत्मसमर्पणवादी कार्य गरेको छ। ओली सरकारको यो राष्ट्रघाती कदमको विरुद्ध जनस्तरबाट आवाज उठीरहेको बेला उल्टै भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल बोलाएर अरुण-३ को शिलान्यास गराएको छ।

सप्तकोशी उच्च बाँध परियोजना निर्माण आवश्यक छ कि छैन, यदि छ भने त्यसमा नेपालको भूमिका र लाभको बाँडफाँड के हुने, नेपालको अधिकार कसरी स्थापित हुने भन्ने विषयमा जनस्तरमा कुनै बहसै नगराई भारतीय स्वार्थलाई प्रधानता दिएर गरिएको सम्झौताको कुनै अर्थ र मान्य हुँदैन ।

# प्रतिरोध कविता अभियान



पोखरा/इच्छुक सांस्कृतिक प्रतिष्ठानले आफ्नो वार्षिक कार्यक्रम अन्तरगत 'प्रतिरोध कविता अभियान २०७५' को दुईवटा शृङ्खला सम्पन्न गरेको छ। जेठ ४ गते चितवन र ५ गते पोखरामा भएको कविता गोष्ठीमा देशका विभिन्न जिल्लाबाट उपस्थित भएका प्रगतिवादी कविहरूले आ-आफ्ना कविता वाचन गरेका छन् ।

वाचित कविताहरूमा कविले देशमा गणतन्त्र स्थापना भएर सङ्घीय संविधान अन्तरगतका तीन तहको चुनाव सम्पन्न भएर सरकार गठन भएता पनि जनताको शासन स्थापना नभएको भाव व्यक्त गरे । जातीय, क्षेत्रीय र लैङ्गिक उत्पीडन अझ बढेर गएको, सांस्कृतिक विकृति र विसङ्गतिहरू विकराल वन्दै गएको कुरा कवितामा व्यक्त गरे ।

वाचित कविताहरूले राष्ट्रिय स्वधीनताका पक्षमा आवाज बुलन्द गरे। वर्तमान सरकार देशभक्त र वामपन्थी नभएको विचार कवितामार्फत् व्यक्त गरेका कविहरूले सत्ताको दमनकारी चरित्रको भण्डाफोर गर्दै त्यसका विरुद्ध जनता फेरी सङ्घर्षमा उठ्न आह्वान गरे।

चितवनमा ३७ जना कविहरूले कविता वाचन गरेका थिए भने पोखरामा ४८ जना कविहरूले कविता वाचन गरेका थिए । वाचित कविताहरूको समीक्षा प्रतिष्ठानका कार्यसमिति सदस्य प्रा.डा.जगदीशचन्द्र भण्डारीले समीक्षा गरेका थिए भने प्रतिष्ठानकै कार्यसमिति सदस्य प्रा.डा. ताराकान्त पाण्डेयले प्रतिरोध कविता अभियानको आवश्यकता, औचित्य र महत्वका बारेमा विचार व्यक्त गरेका थिए ।

राष्ट्रिय स्तरमा स्थापित कविहरू ईश्वरचन्द्र ज्ञवाली, जगदीशचन्द्र भण्डारी, मोदनाथ मरहट्टा, मित्रलाल पंज्ञानी, केशव सिलवाल, हिरामणि दुखी, सरिता तिवारी, गौरी दाहाल, पंचकुमारी परियार, रविकिरण निर्जिव, शोभा दुलाल, रामहरी श्रेष्ठ, प्रकाशबाबु खनाल, खनाल रेवतीरमण, नारायण मरासिनी, परशुराम कोइराला, विदूर वस्ती, ओमविक्रम ओझा, मुक्तिनाथ अधिकारी लगायत दुबै स्थानमा गरेर ८५ जना कविहरूले कविता वाचन गरेका थिए ।

प्रतिष्ठानका सदस्यसचिव हिरामणि दुःखीले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीले गरेका थिए । यसैगरी यो अभियान यही जेठ २६ गते ललितपुरको लेलेमा गरिने कुरा प्रतिष्ठानका सदस्य सचिव हिरामणि दुःखीले वर्गदृष्टिलाई बताए । उनका अनुसार देशका विभिन्न जिल्लाहरूमा प्रतिरोध कविता अभियान सञ्चालन गर्ने जनाइएको छ ।

# सीमामा पुनः भारतीय अतिक्रमण

कञ्चनपुर । विवादित नेपाल भ्रमण सकेर भारतीय प्रधानमन्त्री स्वदेश फर्किएलगत्तै भारतीय पक्षबाट कञ्चनपुरको बेलौरी नगरपालिका १० भुडाको नेपाली भुमिमा हस्तक्षेप अर्थात सीमा अतिक्रमण गरिएको छ। भुडाका स्थानीय किसान खेमराज पन्तको जमिनमा भारतीय पक्षले हस्तक्षेप गरेका छन् । किसान पन्तले आफु जमिन जोतिरहेका बेला आइतबार एसएसबीले रोकेको बताए।

'यो मेरो सीमा क्षेत्रको जमिन उचोनिचो थियो, 'उनले भने, 'सो जमिन बराबरी गर्दै थिए एसएसबी आएर रोकिदिए।' लालपुर्जा भएको जमिनको मालपोत तिर्दै आएको बताउदै उनले एक्कासी एसएसबी आएर अवरोध गरेको बताए । गत माघमा संयुक्त सीमासर्वे टोलीले सो क्षेत्रको जमिन भारतमा पर्ने देखाएको भन्दै एसएसबीले रोकेको पन्तले बताए।

एसएसबीले खेत मिलाउन रोकेपछि काम रोकिएको पन्तले बताए । आफ्नो जमिन रोकिएको बारे बेलौरी नगरपालिकाले घटनाको गम्भिर ध्यानाकर्षण भएको जनाएको छ । बेलौरी नगरपालिका १० का वडाध्यक्ष होरिलाल चौधरीले यस बारेमा नेपाली सुरक्षा अधिकारी सहित भारतीय एसएसबीसंग छलफल गरेर निकास निकाल्ने बताए।

कञ्चनपुरको सीमा क्षेत्रमा भारतीय एसएसबीले पटक पटक अवरोध गर्दा पनि नेपाली पक्षबाट सीमा सुरक्षा क्याम्प नराखिएको स्थानीयले गुनासो गरेका छन् । गत बैशाख पहिलो साता भारतीय एसएसबीले कञ्चनपुरकै पुर्नवास नगरपालिका ९ विचफाँटा आफ्नै भूमिका तारबार लगाउदा तारबार उखेलिदिएका थिए । यसरी पटक पटक भारतीय पक्षबाट सीमामा ज्यादती र हस्तक्षेप हुँदा पनि केपी ओली नेतृत्वको सरकारले कुनै कदम चालेको छैन । यहाँसम्म कि मोदीको नेपाल भ्रमणको बेला सीमा समस्याको विषयमा चुँ सम्म नबोलेको भन्दै स्थानीयले ओली नेतृत्वको सरकारको कडा आलोचना समेत गरेका छन् । त्यसमाथि दुवैदेशका प्रतिनिधि सम्मिलित सीमा सर्वेषण टोलीले समेत बर्षौदेखि खाइपाइ आएको नेपाली नागरिकको भूमि भारततर्फ पारिनुले राज्यले नै पो नेपाली भूमि बेच्न थालेको हो कि गम्भीर आशंका हुन थालेको सीमाका नागरिकहरूले बताउन थालेका छन् ।

## ● संगठन गतिविधि ●

### जनसाँस्कृतिक महासंघको ४ नं. प्रदेश कमिटी गठन

कास्की । अखिल नेपाल जनसाँस्कृतिक महासंघ ४ नं प्रदेश कमिटि गठन गरिएको छ। ५ जेठमा पोखरामा सम्पन्न एक भेलाले उक्त कमिटि गठन गरेको हो । भेलाले शुशिला थापाको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरेको छ। समितिको उपाध्यक्षमा परशुराम कोइराला, सचिवमा काजिबाबु श्रेष्ठ र सदस्यहरूमा अनिल श्रेष्ठ (तनहुँ), दिपा रसाइली (कास्की), देवेन्द्र लम्साल (स्याङ्जा), बलराम भण्डारी (गोरखा), अर्जुन ढकाल (तनहुँ) रहेका छन्। बाँकी सदस्यहरू पछि थपिने भएको छ।

कार्यक्रम महासंघका केन्द्रीय अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीको प्रमुख आतिथ्यता, नेकपा (क्रान्तिकारी माओवादी) ४ नं प्रदेश सेक्रेटरी श्यामको विशेष आतिथ्यता तथा महासंघका महासचिव हिरामणि दुःखी, प्रा.डा. जगदीश चन्द्र भण्डारीको उपस्थितिमा सम्पन्न भएको थियो ।

### २ नं. प्रदेशको अभियान डायरी

● **मुकेश यादव**

सिरहा । नेकपा (क्रान्तिकारी माओवादी)को सिराहा जिल्लाको १ नं इलाका कमिटी गठन भएको छ। उमेश शाह इलाका ईञ्चार्ज र विजय गुप्ता इलाका सेक्रेटरी रहेको उक्त कमिटिलाई ३७ सदस्यीय इलाका कमिटी बनाइएको छ। २ जेठमा जिल्लाको लहान नगरपालिकामा सम्पन्न भएको भेलाले उक्त कमिटि निर्माण गरेको हो।

त्यस्तै सिराहा जिल्लाकै २ नं इलाका कमिटी जिरो माइल नगरपालिकामा भेला सम्पन्न भएको छ। बैशाख २८ गते सम्पन्न भेलाले शुभलाल रामको नेतृत्वमा ३५ सदस्यीय कमिटी गठन गरेको छ । उक्त दुवै भेलामा क्रान्तिकारी माओवादीका पिविएम तथा २ नं प्रदेश सचिव कृष्णदेव सिंह दनुवार प्रमुख आतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो भने केन्द्रीय सदस्य जितेन्द्र देव सिंह, जिल्ला ईञ्चार्ज सुरेन्द्र शाह, सेक्रेटरी धानिक लाल मण्डल, राम नारायण सिंह लगायत नेताहरूको उपस्थिति रहेको थियो ।

उता रौतहटको चन्द्रपुर नगरपालिकाको ५ नं वडामा कमिटी गठन गरेको छ। जेठ २ गते सम्पन्न भेलाले इन्द्रदेव रामको नेतृत्वमा ५ सदस्यीय कमिटी गठन भएको थियो। भेलामा पार्टी जिल्ला सेक्रेटरी प्रल्हाद साहको उपस्थिति रहेको थियो । यसैगरी रौतहटको चन्द्रपुर नगरपालिकामा क्रान्तिकारी युवा लिग गठन भएको छ । जेठ २९ गते सम्पन्न एक भेलाले शक्ति थापाको नेतृत्वमा १७ सदस्यीय नगर कमिटी गठन गरको छ । भेलामा जिल्ला सेक्रेटरी साहको प्रमुख आतिथ्यतामा रहेको थियो।

### सुर्खेतको वीरेन्द्रनगरमा पार्टी कमिटी निर्माण

सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी)को सुर्खेत जिल्लाको वीरेन्द्र नगरमा पार्टी कमिटी निर्माण गरिएको छ । हालै सम्पन्न नगर सम्मेलनले भक्त बहादुर सुनारको नेतृत्वमा ११ सदस्यीय कमिटी चयन गरेको छ । उक्त कमिटीमा सेक्रेटरी सुनार सहित गोपाल सुनार, लोकेन्द्र सुनार, गणेश सुवेदी, कमल कुमार, प्रेम गिरी, हिक्मत शाही, चक्र कार्की सदस्य रहेका छन् । सम्मेलनमा पार्टीका जिल्ला सेक्रेटरी खडानन्द लामिछानेको उपस्थिति रहेको थियो ।

पार्टीका केन्द्रीय सदस्य तथा देजमो नेपाल ६ नं संयोजक चक्रपाणि शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त सम्मेलनमा जिल्ला सेक्रेटरी लामिछाने लगायतका नेताहरूको उपस्थिति रहेको थियो । जिल्ला सेक्रेटरी लामिछानेका अनुसार यही जेठ १५ गतेसम्ममा गुरुभा नगरपालिका, पञ्चपुरी नगरपालिका र बराहाताल गाउँपालिकाको सम्मेलन गरी २९ र ३० गते जिल्ला अधिवेशन गरिने पनि जानकारी गराउनु भएको छ ।

## एमाले–माकेको...

संशोधनवादीहरू प्रतिक्रियावादमा पतन हुनेछन् ।'

महान् लेनिनको यो भनाइ विलकुल सही छ । किनकि इतिहासमै सिद्ध भइसकेको कुरा हो- चीनमा कमरेड माओको सन १९७६ सेप्टेम्बर ९ तारिखमा निधन भएको ठिक एक महिनापछि चीनको प्रतिक्रान्तिकारी तेङ गुटले ग्याङ अफ फोरका सबै सदस्यहरूलाई गिरफ्तार गरेर जेलमा कोचे र सबैलाई जेलमै सडाएर सिध्याइदिएका थिए ।

नेपालमा पनि यो प्रतिक्रान्तिकारी तागतले क्रान्तिकारीहरूमाथि भिषण दमनमा उत्रने छ । किनकि माकेको एमालेमा विलयको यात्रा फासीवादी सत्तामा पुग्नु हो भन्ने यो विश्लेषण भविष्यमा पुष्टि हुँदै जानेछन् । *६ जेठ २०७५*

## बुटवलमा...

रूपमा सम्पन्न भएको छ ।

बुधबार दिउसो बुटवलको पुष्पलाल पार्कबाट सुरु भएको क्रान्तिकारी युवाहरूको मार्चपास तथा र्‍याली बुटवल बजार परिक्रममा गरी (ट्राफिक चोक) मिडिया चोकमा पुगेर सभामा परिणत भएको थियो । सभालाई क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण', पार्टी स्थायी समिति सदस्य परि थापा, पार्टी पिविएम केवी गुरुङ, क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन लगायतले सम्बोधन गर्नुभएको सभाको सञ्चालन पार्टीका युवा नेता समिर केसीले गर्नुभएको थियो भने अध्यक्षता अर्का युवा नेता भूपेन्द्र न्यौपानेले गर्नुभएको थियो । मार्चपास तथा सभामा सैयौं युवाहरूको सहभागिता रहेको थियो ।

यसैबीच, बुधबारै विहान कपिलवस्तुको बाँडगंगामा महासचिव किरणले क्रान्तिकारी युवा लिगको ५ नं. प्रदेशको भेला तथा प्रशिक्षणको उद्‌घाटन गर्नुभएको भएको प्रशिक्षण आइतबार सम्पन्न भएको छ । ५ दिनसम्म चलेको युवाहरूको वैचारिक, राजनीतिक तथा शारीरिक प्रशिक्षणमा पार्टी स्थायी समिति सदस्य परि थापा, पिविएमद्वय सिताराम तामाङ र केवी गुरुङले वैचारिक तथा राजनीतिक प्रशिक्षण दिनुभएको थियो ।

## जुझारु...

युवाहरूले प्रतिकार गरेपछि प्रहरीहरू पछि हट्न बाध्य भए । प्रशिक्षण सान्दार रूपमा सफल भयो ।

युवा जागरण तथा प्रशिक्षण कार्यक्रम नाम दिइएको युवाहरूको प्रशिक्षणको २ नं. प्रदेशको उद्‌घाटन गर्न महासचिव किरण २३, २०७४ चैत्रमा सिरहाको धनगढी नगरपालिकामा पर्ने खुट्टीखोला पुग्नुभयो । यहाँ पनि पाँच दिनसम्म सैयौं युवाहरूले वैचारिक, राजनीतिकसँगै शारीरिक तालिम लिए ।

त्यसैगरी २ जेठ २०७५ मा ५ नं. प्रदेशको कपिलवस्तुमा क्रान्तिकारी युवा लिगको प्रदेशको भेला तथा प्रशिक्षणको उद्‌घाटन गरी सोही दिन बुटवलमा आयोजना गरिएको युवा मार्चपासलाई पार्टी महासचिव किरणले सम्बोधन गर्नुभयो भने जेठ ५ गते शनिबार ओखलढुंगाको मोलुङ गाउँपालिकाको प्राप्चामा पुगेर १ नं. प्रदेशको युवाहरूको शारीरिक सहितको प्रशिक्षणको उद्‌घाटन गर्नुभयो । कपिलवस्तुको युवा प्रशिक्षणको समापन आइतबार भएको छ भने ओखलढुंगाको प्रशिक्षण ९ गतेसम्म चल्ने जनाइएको छ । ४, ६ र ७ नं. प्रदेशमा पनि युवाहरूको प्रशिक्षण आयोजनाको तयारी भइरहेको छ ।

नेपाली समाजको स्वरूप र पार्टीको आम कार्यदिशा, दर्शन, राजनीतिक अर्थशास्त्र, वैज्ञानिक समाजवाद, नेपाली तथा विश्व कम्युनिष्ट आन्दोलनको इतिहास, भारतसँग गरिएका असमान सन्धिसम्झौता, सीमा समस्यालगायतका विषयमा वैचारिक तथा राजनीतिक प्रशिक्षण दिइएको छ । पार्टी महासचिव किरण, देजमो अध्यक्ष सीपी गजुरेल, स्थायी समिति सदस्य परि थापा, पिविएमहरू इन्द्रमोहन सिंग्देल, सीताराम तामाङ, केस हस्तबहादुर केसीलगायत नेताहरूले वैचारिक तथा राजनीतिक प्रशिक्षण दिनुभएको छ भने क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जनलगायत विभिन्न शारीरिक खेलका विज्ञहरूको सहयोगमा शारीरिक प्रशिक्षण दिइएको छ ।

क्रान्तिका लागि तीन जादुगरी हतियार क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी जनसेनाको आवश्यकता पर्ने भन्दै आएको क्रान्तिकारी माओवादीले पछिल्लो चरणमा युवा लक्षित कार्यक्रमलाई तीव्रता दिँदै आएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान अब जुझारु युवा शक्तिको प्रतिरोधपूर्ण गतिशिल परिचालनबाट मात्रै सम्भव हुने ठहर क्रान्तिकारी माओवादीले गरेको देखिन्छ ।

संसदीय व्यवस्थाको अन्त्य गरी मुलुकमा नयाँ जनवादी राज्यव्यवस्थाको स्थापना गर्ने मूल लक्ष्य राखेर दशवर्षसम्म चलाइएको महान जनयुद्धको अन्त्यको घोषणा गरी तत्कालीन नेतृत्व खासगरी प्रचण्डले संशोधनवादी बाटो अँगालेपछि अवरुद्ध हुन पुगेको नयाँ जनवादी क्रान्तिको प्रक्रियालाई अगाडि बढाउने उद्‌घोष गर्दै आएको क्रान्तिकारी माओवादीले आफ्नो आत्मगत अवस्थालाई सुदृढ बनाउँदै लगेको छ । प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र) नवसंशोधनवादी बाटो हुँदै एमालेको प्रतिक्रियावादी पार्टीमा विलिन हुन पुगेपछि अब जनयुद्धको विरासत धान्ने र जनयुद्धको लक्ष्य हासिल गर्ने दिशामा माओवादी आन्दोलनलाई अगाडि बढाउने अभिभारा क्रान्तिकारी माओवादीको काँधमा आएको छ । क्रान्तिकारी माओवादी बाहेक अन्य कुनै पनि पार्टी वा शक्तिले क्रान्तिलाई वास्तविक अर्थमा अगाडि बढाउने देखिएको छैन । पछिल्लो पटक क्रान्तिकारी माओवादीले बढाउँदै लगेको गतिशिलता र सुदृढ पार्दै लगेको आत्मगत अवस्थाबाट आमूल परिवर्तनका पक्षधर जनतामा आशा एवम् विश्वास जागृत हुँदै गएको छ । र, छरिएर रहेका क्रान्तिकारीहरू पनि क्रान्तिकारी माओवादीकै नेतृत्वको वरिपरि ध्रुवीकृत हुँदै गएका छन् । आगामी दिनमा यो प्रक्रियाले अझ तीव्रता पाउने देखिएको छ ।

## क्रान्ति...

अडान लिएर राष्ट्रवादी देखाएपनि अहिले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा देखाएको प्रवृत्तिले उसको राष्ट्रवाद उदाङ्गिएको दावी गर्नुभयो ।

पार्टी स्थायी समिति सदस्य परि थापाले कांग्रेस,एमाले र माके एउटै ड्याङका मुला हुन्, जरामात्रै फरक भएको टिप्पणी गर्नुभयो । कार्यक्रममा पार्टी पिविएम केबी गुरुङले मुलुकमा क्रान्तिकारी युग शुरु भएको बताउंनुभयो । कार्यक्रममा युवा लिगका केन्द्रीय अध्यक्ष अमिर महर्जन, प्रदेश ५ का संयोजक दिलबहादुर कठायत, समिर सिंह लगायतले बोल्नुभएको थियो । कार्यक्रम पार्टीका केन्द्रीय सदस्य भुपेन्द्र न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रम अघि मिडियाचोकबाट शुरु भएको युवाहरूको मार्चपास र्‍याली बुटवल बजार परिक्रममा गरी पुनःमिडियाचोकमा पुगेर सभामा परिणत भएको थियो । कार्यक्रममा पार्टी पिविएकम प्रेम सुवेदी लगायतका केन्द्रीय नेताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

यस्तै बुधबारै देखि कपिलवस्तुको चार नम्बरमा क्रान्तिकारी युवा लिग-नेपाल प्रदेश ५ स्तरीय युवा जागरण प्रशिक्षण शुरु भएको छ । प्रशिक्षणको पार्टी महासचिव मोहन बैद्य किरणले उद्घाटन गर्नुभएको थियो । प्रशिक्षण जेष्ठ ६ गते सकिनेछ । प्रशिक्षमा १२ जिल्लाका युवाहरूको सहभागिता रहेको लिगले जनाएको छ ।

## क्रान्तिकारीहरूबीच...

नगर्ने स्ट्यान्ड लिइसक्नुभयो भन्दै थिए । तर, अब ती साथीहरूको पनि भ्रम साफ भयो । उनले पार्टीलाई एमालेमा लगेर बिलय गराइछाडे ।' नेता गजुरेलले अगाडि भन्नुभयो, 'अब एमालेसँग एकतामा नजाने साथीहरू र हाम्रो पार्टीबीच पनि एकता हुन्छ । एमालेमा नगएका कांग्रेसमा जाने कुरा भएन, राप्रपामा जाने कुरा भएन, अब हुने भनेकै क्रान्तिकारी शक्तिहरूको ध्रुवीकरण र एकता हो ।'

अब क्रान्तिकारी माओवादीको माओवादी केन्द्रका तल्लो तहका क्रान्तिकारी साथीहरूसँग एकता प्रक्रिया अघि बढ्ने पनि उहाँले दावी गर्नुभयो ।

## क्रान्तिकारी धारमा...

परिवार र पूर्वजनमुक्ति सेना लगायत सम्पूर्ण परिवर्तनकामी जनसमुदायलाई क्रान्तिकारी धारमा ध्रुवीकृत हुन नेकपा (क्रान्तिकारी माओवादी) हार्दिक अपील गर्दछ ।'

वक्तव्यमा भनिएको छ, 'माके र एमालेभित्र रहनु भएका देशभक्त तथा क्रान्तिकारी साथीहरू ! यो कथित वाम एकताविरुद्ध आवाज उठाउनुहोस् र आफ्नो विद्रोही भावना र अभिमत जाहेर गरी क्रान्तिकारी आन्दोलनलाई अघि बढाउने ऐतिहासिक तथा महान प्रक्रियामा अघि बढ्ने अठोट गर्नुहोस् । आउनुहोस्, क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने महासमरमा सामेल हुने प्रतिबद्धता जाहेर गरौं ! संसदवादी तथा दक्षिणपन्थी संशोधनवादीहरूको कथाकथित एकता प्रक्रियालाई निस्तेज पार्दै नयाँ जनवादी क्रान्तिको तयारी र समग्र क्रान्तिको प्रक्रियालाई घनिभूत पारौं ! भविष्य क्रान्तिकारीहरूकै हातमा छ ।'

**यस्तो छ वक्तव्यको पूर्णपाठ :**

'देशमा दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद र विस्तारवाद तथा साम्राज्यवादद्वारा हुँदै आएको उत्पीडनको अन्त्य गरी नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्दै समाजवाद र साम्यवादको दिशामा अघि बढ्नका लागि अनेकौं जनआन्दोलन, सशस्त्र जनसंघर्ष र दशवर्षे जनयुद्ध भए । परिवर्तनका यी सबै महान प्रक्रियामा जनताका हजारौं छोराछोरीले सहादत प्राप्त गरे, हजारौं वेपत्ता पारिए, कैयौं योद्धाहरू घाइते/अपाङ्ग बनाइए । परन्तु, आन्दोलन तथा जनयुद्धकै मूल नेतृत्व प्रचण्ड मण्डलीले वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवादको बाटो पकडी परिवर्तनको महान प्रक्रियामाथि धोका, विश्वासघात र गद्दारी गर्न पुग्यो । फलतः पश्चगामी राज्यसत्ता र उही पुरानै संसदीय व्यवस्थाको सेरोफेरोको गोलचक्करमा आज देश फस्न पुगेको छ, मालेमावादको आधारभूत मान्यता विपरीत सम्झौता र सत्ताको लेनदेन गरी जनताको वलिदानको अबमूल्यन हुन पुगेको छ । त्यसैको पछिल्लो कडीको रूपमा माके-एमालेले एकताको तथाकथित नाटक मञ्चन गरेका छन् । मालेमावाद र जनयुद्धको विचार, आदर्श र मूल्य मान्यतालाई परित्याग गरिसकेको माके आजैबाट औपचारिक रूपमा दक्षिणपन्थी संशोधनवाद तथा अवसरवाद हुँदै संसदीय मूल प्रवाहको एमालेको प्रतिक्रियावादीधारमा समाहित हुन पुगेको छ ।

प्रतिक्रियावादी बाटो पकडीसकेको दक्षिणपन्थी संशोधनवादीहरूको गठजोडबाट उत्पन्न परिस्थितिको गम्भीरतापूर्वक समीक्षा गर्दै क्रान्तिकारी आन्दोलनलाई अघि बढाउने जिम्मेवारी अब हाम्रो काँधमा आइपुगेको छ । आजको यस घडीमा मालेमावादप्रति निष्ठावान क्रान्तिकारीहरू, घाइते/अपाङ्ग, बेपत्ता योद्धा, सहिद परिवार र पूर्वजनमुक्ति सेना लगायत सम्पूर्ण परिवर्तनकामी जनसमुदायलाई क्रान्तिकारी धारमा ध्रुवीकृत हुन नेकपा (क्रान्तिकारी माओवादी) हार्दिक अपील गर्दछ । माके र एमालेभित्र रहनु भएका देशभक्त तथा क्रान्तिकारी साथीहरू ! यो कथित वाम एकताविरुद्ध आवाज उठाउनुहोस् र आफ्नो विद्रोही भावना र अभिमत जाहेर गरी क्रान्तिकारी आन्दोलनलाई अघि बढाउने ऐतिहासिक तथा महान प्रक्रियामा अघि बढ्ने अठोट गर्नुहोस् । आउनुहोस्, क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने महासमरमा सामेल हुने प्रतिबद्धता जाहेर गरौं ! संसदवादी तथा दक्षिणपन्थी संशोधनवादीहरूको कथाकथित एकता प्रक्रियालाई निस्तेज पार्दै नयाँ जनवादी क्रान्तिको तयारी र समग्र क्रान्तिको प्रक्रियालाई घनिभूत पारौं ! भविष्य क्रान्तिकारीहरूकै हातमा छ । क्रान्तिकारी अभिवादन सहित !'

## युवाशक्तिलाई...

उद्‌घाटन गर्दै शनिबार महासचिव किरणले यस्तो बताउनु भएको हो । ओखलढुङ्गाको मोलुङ गाउँपालिकाको प्राप्चामा सुरु युवाहरूको प्रशिक्षण कार्यक्रमको उद्‌घाटन समारोहलाई सम्बोधन गर्दै महासचिव किरणले भन्नुभयो- "युवाहरू कमरेड माओले भन्नुभए झैं विहानीपखका घाम हुन् । उदाउँदो भविष्य र देशका कर्णधारका रूपमा रहेका युवाहरूमा असीम त्याग, तपस्या र बलिदानी भाव हुन्छ, जसले देश र दुनियाँलाई मुक्ति र स्वाभिमानको बाटोमा अघि बढ्न प्रेरित गर्दै महत्वपूर्ण सहयोग गर्दछ ।"

उहाँले अगाडि भन्नुभयो- "नेपालका विभिन्न आन्दोलनका श्रृङ्खलाहरूलाई हेर्‍यौं भने पनि युवाहरूको भूमिका अग्रपङ्क्तिमा रहेको छ । युवालगायत सबैको उत्साह, आशा र सफताले उचाइ चुम्न पुग्दै गर्दा तात्कालीन पार्टी नेतृत्वले धोखा दियो । हामी त संसदीय व्यवस्था ढाल्न र जनताको जनवादी व्यवस्था स्थापना गर्न जनयुद्ध लडेका थियौं । त्यसैले देशमा राजनीतिक रूपान्तरण ल्याउन अझैं थप पसिना बगाउनु जरुरी छ ।"

अहिले दैनिक दुई हजार युवाहरू वैदेशिक रोजगारमा जान बाध्य भएको अवस्थालाई इंगित गर्दै महासचिव किरणले प्रश्न गर्नुभयो- "युवाहरूलाई स्वदेशमै रोजगारी सिर्जना गरेर युवा शक्तिलाई रोक्न र रोजगारी दिन कुनै कार्यक्रम दिन नसक्ने वर्तमान 'वाम' भनिने सरकारले कुन खालको विकास र समृद्धिको कुरा गरेको हो ? के देशका नदीनाला, वनजंगल, जनशक्ति विदेशीलाई दिएर देश समृद्धिको बाटोमा जान्छ ? असमान सन्धिसम्झौताहरू पूरै अनुमोदन गर्ने, नाकाबन्दी लगाउनेलाई नागरिक अभिनन्दन गर्ने, भारतीय सेना देशभित्र आउन दिने, आफ्ना सेना र कर्मचारीहरूलाई लज्जाले शीर निहुराउन पठाउने ? हामी यी सबैका विरुद्ध राष्ट्रियताको पक्षमा उभिएका छौं । हामी क्रान्तिका लागि युवाशक्ति पुनः संगठित गरी त्यसको नेतृत्व गर्न तयार छौं । "

युवा प्रशिक्षण कार्यक्रमको उद्‌घाटन समारोहलाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सी. पी. गजुरेलले भन्नुभयो- "नेपालमा वाम सरकारका नाममा सामाजिक फासिवादी शासन लाद्न खोज्दैछन् । राष्ट्रिय स्वाधीनता अहिले सबैभन्दा बढी खतरामा परेको छ । रेल चलाउने र पानी जहाज ल्याउने भन्दै भारत गएका प्रधानमन्त्री ओली पानी, खेतीपाती गर्ने भूमि र बचेखुचेको देशको स्वाभिमान बेचेर आएका छन् ।"

उहाँले अगाडि भन्नुभयो, "देशमा भारतीय सेनाको परेड चल्दा, अरुण तेस्रो जस्तो सस्तो आयोजना भारतलाई बुझाउँदा, नाकाबन्दी लगाउने विस्तारवादी नाइकेलाई नागरिक अभिनन्दन गर्दा, सीमा अतिक्रमण तथा भारतीय सीमा सुरक्षा बलले सीमाका नेपालीमाथि ज्यादती गर्दा हाम्रो पार्टी, देजमो बाहेक अरु सडकमा निस्किएर विरोध गरेको देखिएन । अब राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका मुद्दाहरूको वास्तविक समाधान नयाँ जनवादी क्रान्तिबाहेक अरुले दिन सक्दैन । त्यो क्रान्तिको नेतृत्व अब क्रान्तिकारी युवाहरूले गर्नुपर्छ ।"

कार्यक्रममा पार्टी पिविएमहरू इन्द्रमोहन सिग्देल, राम आचार्य, नगेन्द्र राई, केसहरू मिनकुमार राउत, केदार गुरागाई, वालकृष्ण राई, मनोज श्रेष्ठ, सीताराम बुढाथोकी, डिल्लीराम बोहरा, हरिकृष्ण गजुरेललगायतको उपस्थिति रहेको कार्यक्रमको अध्यक्षता लिगका १ नं. संयोजक रविन लिम्बूले गर्नुभएको थियो भने सञ्चालन ज्ञानु खतिवडाले गर्नुभएको थियो । क्रान्तिकारी माओवादी ओखलढुंगाको व्यवस्थापनमा जारी युवाहरूको प्रशिक्षण जेठ ९ गतेसम्म चल्नेछ ।

---

दुर्वाच्य



रामचन्द्र हुमागाई

## दुबैथरि लुटेराको फ्युजन

आखिर एमाले–माके एकता भै नै छाड्यो । सच्चा कम्युनिस्टहरूले भन्दैआएको कुरा सावित भयो । २०४६ सालयता आएर एमालेले भन्ने गर्थ्यो, 'अब बिस्तारै जनवाद तर्फ अगाडि बढ्ने हो' । तर, जनवादतर्फ होईन, ऊ जल्लादवाद तर्फ लम्किएर अहिलेको अवस्थामा पुगेको हो, यसमा कसैको बिमती हुदैन नै होला ।

एमालेको चरित्र देखेरर नेपाललाई जनवादी देशको अव्ल नम्वरमा पुर्‍याउँनका लागि माओवादीले जन्म लियो । माओवादी जन्मन त जन्मियो तर रोगी आमाको काखमा जन्म लिएका कारण गत जेठ तीनगते उसको विधिवृत अन्त्यष्ठि गरियो । २०६३ सालमा लागेको रोगको उपचार गर्दा गर्दै सारा नेपाली समाजले हार्‍यो, माओवादी मर्‍यो । यो मृत्युले थोरै मानिसलाई फाइदा त अवश्य पुग्यो नै होला तर नेपाली समाज अर्को ५० वर्ष पछाडि धकेलियो । यो धक्काको असर कहाँ कस्तो होला भनेर चिन्तनमनन गर्नुपर्ने ठाउँमा 'धक्का दिने र धक्काको मात्रा मिलाउनेहरू ' अबको दश वर्षमा नेपाल स्वर्ग हुन्छ' भन्दै हिंड्न शुरु गरिसकेका छन् । स्वर्ग भनेको कहाँछ, त्यहाँ कस्ता मानिस, राक्षस वा कल्पनातित इश्वर बस्छन् कसैलाई थाहा छैन । अहिलेसम्म स्वर्ग पुगेर आएँ वा स्वर्गबाट आएँ भन्ने कोही पनि छैन । कल्पनाको सँसार भए पो जाने आउँने गर्नु ?

राजनीति मदारीले बाँदर नचाए जस्तो खेल होइन, यहाँ यस्ता खेल निकै खेलिसकिएका छन् । १७औं हजार नागरिको रगतको खोलो तर्दै सत्ताको सिंढी उक्लिएकाहरूले सोच्नुपर्ने हो, यो देशमा १७ हजार परिवारका एक लाख भन्दा बढी सदस्यहरूको बसोवास रहिआएको छ । सत्ताको सिंढी चढ्नका लागि अरू मध्यमहरू पनि प्रसस्त थिए तर ती १७ हजार नागरिकले त परिवर्तका लागि आफूलाई बली चढाएका थिए । के राजतन्त्रको मुख्य शीर्षक मेटेर गणतन्त्र मात्रै लेख्दैमा परिवर्तन भैहाल्यो वा भैसक्यो वा हुँदैछ भन्न मिल्ला र ? त्यसो हो भने छिमेकी भारतले गणतन्त्र देखेको यत्तिका वर्षसम्म पनि माखो पनि मार्न किन नसकेको ?

हामीले हाम्रो गणतन्त्रको मूल्यांकन आफै गर्नु पर्छ । यतिवेलाको केपी ओली सरकार आफूलाई वामपन्थीको सरकार भन्छ र भरौटे अवसरवादी पत्रपत्रिकाहरू पनि, 'हो यो सरकार वामपन्थी कै सरकार हो' भनेर झ्याली पनि पिटरहेका छन् । उनीहरूको पछाडि लाग्ने हो भने छ राणाको पालामा राणा नै ठीक भन्थे, राजाको पालामा राजा नै ठीक भन्ने गर्थे, पञ्चायत त उनीहरूको पेवा नै थियो, बहुदलीय व्यवस्था आयो, त्यसमा पनि उनीहरू नै अव्वल दर्जामा उभिए र भोलि जनगणतन्त्र आयो भने पनि अग्रस्थानमा उनीहरू नै उभिएको देख्न पाइन्छ । के यिनीहरूकै पछि लागेर आफ्नो सिद्धान्तलाई बली चढाएर राजनीतिको उपहास मच्चाउनै हो त, इमान्दार राजनीतिज्ञको काम ? हामीलाई लाग्छ, यो अवसरवादको पराकाष्टा हो । यस्तो पराकाष्टाले कोही कतै पनि पुग्दैछ ।

नेता महोदयहरूले जतिसुकै शून्य सहनशीलताको कुरा गरुन्, मन्त्रीमहोदयहरू गुलियो चाट्न थालिसके । निर्माण तथा भौतिक योजनामन्त्री रघुवीर महासेठले यातायात व्यवसायलाई सस्थागत गर्छु भनेर लागिपरेका, ज्यानको बाजी लगाएर सिण्डिकेट तोड्ने कर्मचारीलाई हौसला दिएर अझै जाग्रत तुल्याउनुपर्नेमा किन मन्त्रालय बोलाएर निरुत्साहित तुल्याए ? के यो पूरातनवादी सोचको भ्रष्टाचारी निरन्तरता होइन ? के १० वर्षभित्र स्वर्ग जाने बाटो निर्माण गर्न सुरु गरिएको त होइन ? यहीबाट प्रश्न उठ्न चालेको छ र कांग्रेस तिघ्रा ठटाउन थालिसकेको छ । राजनीतिका नाङ्ले पसल थापेर बसेकाहरू चिन्तित हुने नै भए । हुन त नेपाल गरिब देशको सूचीमा दर्ज भएको मुख्यकारण राजनीति नै हो । यो भन्दा अगाडिका राजा वा राजनीतिज्ञले नेपालका लागि केही गर्दै आएका भए यो देश निकै अगाडि पुग्ने थियो तर देश अगाडि पुग्नुको सट्टा आफूआफू अगाडि बढे, सरकारी ढुकुटीको दुरूपयोग गरेर आफूआफू मात्रै ढाडिए । आफ्ना सन्तान पढाए र बढाए, नपत्याए हेर्न सकिन्छ, कोको राजनीतिज्ञका छोराछोरी, को-को कर्मचारीका छोराछोरी पढेलेखेका छन् र विदेशमा मोजमस्ती गरिरहेका छन् । लुटेराहरू दुई प्रकारका हुन्छन्, एक बन्दुक देखाएर लुड्ने र दुई बौद्धिकता देखाएर लुट्ने । नेपाल बौद्धिक लुटेराहरूको देश हो भन्दा कत्ति पनि फरक पर्दैन । अबका दिनमा बुद्धि र बन्दुक दुबैको फ्युजन भएको छ, गणतन्त्रले भ्रष्टाचारी माथि कारर्वाही गर्ने कानुन पनि बनाउँदैन । राजा आँखा चिम्लिएर लुट्ने गर्थे भने आजका नेताहरू आँखा हेरिहेरि लुटपाटमा नलाग्लान भन्न सकिदैन । सायद त्यसैले होला आगामी १० वर्षभित्र स्वर्गको परिकल्पना गरिएको ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-५२२५२८१, ५२२५०३४

बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रानपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर

बसन्त खड्का - ९८४२८३७७९३

- ९८१७७११९९७

ईन्द्र कट्टेल - ९८१८४१५२१७

गाईघाट सम्पर्क नम्बर

फोन नं. ०३५-४२१६४३

पुरुषोत्तम खनाल - ९८५२८३५६९०

- ९८१५७८६८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

टाटासुमो बोलेरो

काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
*(रिजर्भ चाहिएमा)*

सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०

रिजर्भ चाहिएमा सम्पर्क

सानोभाई फलफूल एण्ड जुस भण्डार

सिन्धुली जुनार भवन ९८४४२५२३८५

९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# एमाले-माकेको फासीवादतर्फको यात्रा

*"विचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै थोकको निर्धारण गर्दछ । जब पार्टीको कार्यदिशा सही हुन्छ त्यो बेला सबै चिज प्राप्त हुन्छन्, यदि अनुयायीहरू छैनन् भने पनि प्राप्त हुन सक्छन् । यदि बन्दुकहरू छैनन् भने ती पनि प्राप्त हुन सक्छन् ,यदि राजनीतिक सत्ता छैन भने त्यो पनि प्राप्त हुन सक्छ, यसको कार्यदिशा गलत छ भने भएका पनि सबै गुम्छन् । कार्यदिशा भनेको जालको डोरी हो जब यो तानिन्छ पुरै जाल खुल्दछ ।"* **-माओ त्सेतुङ**





● हस्तबहादुर केसी

कमरेड माओले माथि उल्लेख गर्नुभएको कुरा विलकुल सही छ । किनभने महान् दस वर्षे जनयुद्धको प्रक्रियामा जब तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सही कार्यदिशा अवलम्बन गरेको थियो त्यतिबेला उसले स्थानीय जनसत्ता प्राप्त गरेको थियो, आधार इलाकाहरू निर्माण गरेको थियो । जनअदालत र जनसरकारहरू प्राप्त गरेको थियो । सात वटा डिभिजन सहितको जनसेनाको निर्माण गरेको थियो । अत्याधुनिक हातहतियारहरू प्राप्त गरेको थियो र मुलुकको करिब ८० प्रतिशत भूभाग कब्जा गरेको थियो र त्यस महान् दस वर्षे जनयुद्धले सिंगो पृथ्वीलाई नै कम्पायमान तुल्याएको थियो । त्यसबाट नेपाली जनता मात्र होइन, विश्वभरका भाइचाराहरू र विश्व जनसमुदायलाई क्रान्तिको सफलताप्रति र विजयप्रति आशावादी तुल्याएको थियो ।

तर जब २०६२ साल असोजमा सम्पन्न चुनवाङ बैंठकबाट तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले सशस्त्र जनयुद्धको कार्यदिशालाई स्थगित गरि "लोकतान्त्रिक गणतन्त्र" को पुँजीवादी संसदीय कायर्दशिा अवलम्बन गर्न पुग्यो र २०६४ चैत २८ गते सम्पन्न संविधानसभाको निर्वाचनबाट सबैभन्दा ठूलो दलको रूपमा संविधानसभामा उपस्थित हुन पुगे पछि जब सरकारको नेतृत्व गर्न पुग्यो त्यसपछि तत्कालीन माओवादीको मुख्य नेतृत्वले चुनवाङ बैठकबाट अवलम्बन गरेको लोोकतान्त्रिक गणतन्त्रको कार्यदिशालाई रणनीतिक कार्यदिशामा बदल्न पुग्यो, त्यसपछि उसले वर्गीय रूपमा समेत साम्राज्यवादी तथा विस्तारवादीहरूका सामु आत्मसमर्पण गर्न पुग्यो ।

त्यस पश्चात् उसले साम्राज्यवादी तथा विस्तारवादीहरूको ग्राण्ड डिजाइन, निर्देशन र योजनामा महान् दसवर्षे जनयुद्धका प्रक्रिया अन्तरगत प्राप्त गरिएका महान् उपलब्धिका रूपमा रहेका आधार-इलाकाहरू, जनअदात तथा जनसरकारहरू बिघटन गर्दै अगाडि बढ्यो । जनमुक्ति सेनालाई विघटन गऱ्यो । दशौं हजार महान् सहिदहरूको रगतले साटिएका हतियारहरू प्रतिक्रियावादी सत्तालाई बुझायो । जनताद्वारा जनसंविधान निर्माण गरी महान नेपाली क्रान्ति सम्पन्न गर्नका लागि जनताद्वारा निर्माण गरिएको संविधानसभालाई विघटन गरियो ।

आफ्ना महाप्रभुहरू साम्राज्यवादी तथा विस्तारवादीहरूको निर्देशन र योजनामा २०७० साल मंसिर ४ गते कथित दोस्रो संविधानसभामा भाग लियो । प्रतिक्रियावादी तथा पश्चगामी संविधान निर्माण गर्ने काममा महत्वपूर्ण भूमिका निभायो । त्यस पटक प्रतिक्रियावादी सत्तामा सामेल भयो ।

गत २०७४ साल मंसिरमा सम्पन्न कथित संसदीय चुनावमा प्रतिक्रियावादमा पतन भइसकेको एमालेसित कथित वाम एकताको षड्यन्त्रपूर्ण नाटक गरेर सहभागी बन्यो र एमालेले नेतृत्व गरेको दलाल सरकारमा सामेल भयो ।

अन्ततः महान् दसवर्षे जनयुद्धका प्रक्रियाबाट प्राप्त गरिएका महान् नेपाली नयाँ जनवादी क्रान्तिका सम्पूर्ण उपलब्धिहरूलाई प्रतिक्रियावादीहरूलाई बुझाएर निर्लज्ज ढंगले २०७५ साल जेठ ३ गते पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) लाई प्रतिक्रियावादमा पतन भइसकेको नेपाल कम्युनिस्ट पार्टी (एमाले) मा विलय गराइयो ।

आज एमाले माके बिचको कथित एकतालाई लिएर नेपालका दुई ठूला कम्युनिस्ट पार्टीहरूबिच एकता भएको, यस एकताले नेपालले नयाँ युगमा प्रवेश गरेको, देशले स्थायी सरकार प्राप्त गरेको, अब मुलुकले सम्मृद्धि हासिल गर्ने जस्ता हल्ला फैलाइएको छ र देश दुनियाँलाई उल्लु सावित गर्ने कोशिस गरिएको छ ।

यो परिघटना कुनै नयाँ र नौलो होइन । यो इतिहासको मजाक मात्र हो । किनभने माकेको एमालेमा विलय अनिवार्य भइसकेको थियो । किन कि महान् झापा विद्रोह र महान् दसवर्षे जनयुद्धबाट भागेका भगौडाहरू एउटै कित्तामा सामेल भएर प्रतिक्रियावादी दलाल सत्ताको नेतृत्व गर्न पुगेपछि माकेको एमालेभित्र विलय हुनुको विकल्प थिएन ।

माकेको एमालेमा निर्लज्ज ढंगले भएको विलयलाई मार्क्सवादी विश्वदृष्टिकोणका आधारमा अर्थात् मार्क्सवादी द्वन्द्ववादका आधारमा हेर्न र विश्लेषण गर्नुपर्ने हुन्छ । मार्क्सवादको सार्वभौम मान्यता के हो भने कुनै पनि घटना घटित हुनुका पछाडि निश्चित वैज्ञानिक कारणहरू हुन्छन् र ती घटनाहरू घटित हुनुमा ती वस्तुभित्र नै त्यसका आधारहरू विद्यमान रहेका हुन्छन् ।

एमाले र माकेका बिचमा भनिएको कथित एकता नभए दक्षिणपन्थीहरूको गठजोड हो । सत्तामा पुग्नका लागि चरम अवसरवादको पराकाष्ठा हो ।

टाटपल्टेका नेपालका बैंकहरू मर्ज भए झै एमाले र माकेका बिच मर्ज हुनुमा ऐतिहासिक झापा विद्रोहप्रति गद्दारी गर्दै आएको, नेपाली क्रान्तिप्रति गद्दारी गरेर आएको र नेपाली जनतालाई धोका दिंदै आएको एमाले र महान् जनयुद्धप्रति गद्दारी गर्दै आएको, महान् नयाँ जनवादी क्रान्तिप्रति गद्दारी गर्दै आएको, नेपाली जनतालाई धोका दिंदै ऐतिहासिक झापा विद्रोह र महान् दस वर्षे जनयुद्धको महान् उपलब्धिहरू र विरासत धान्न नसकेका भगौडाहरू प्रतिक्रियावादी सत्तामा पुगेर सुरक्षित हुन पुगे, यो उनीहरूको चालबाजी मात्र हो भन्ने सबुत प्रमाण हो एमाले-माकेको गठजोड हो ।

जनतालाई धोका दिएको, वर्गलाई छोडेर आएकाले कथित नवगठित अण्डरलाइन नेपाल कम्युनिस्ट पार्टीको कुनै वर्ग छैन । यो शक्ति नेपाली कम्युनिस्ट आन्दोलनको ठिमाह र नेपाली समाजको तेस्रो लिङ्गमा परिणत भइसकेको शक्ति हो । त्यसो भएर यसले अहिले दलाल वर्गको नेतृत्व गर्दै प्रतिक्रियावादी वर्गको स्वार्थ रक्षा गर्ने जिम्मेवारी लिएर प्रतिक्रियावादी सरकारको नेतृत्व गर्न पुगेका छन् ।

यो परिघटनाले नेपाली क्रान्तिको मैदान खाली हुन पुगेको छ । महान् नेपाली नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पुरा गर्ने ऐतिहासिक जिम्मेवारी प्राप्त गरेका क्रान्तिकारी माओवादी लगायतका क्रान्तिकारी कम्युनिस्ट शक्तिहरूका सामु थप जिम्मेवारी प्राप्त भएको छ । यस परिघटनाले क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू एकजुट हुने अनिवार्यता पनि बढेर गएको छ ।

नेपाली जनताले मुक्ति चाहन्छन्, नेपाल राष्ट्रले स्वाधीनता चाहन्छ । नेपाली क्रान्ति अवशमम्भावी छ । नेपालमा निकट भविष्य मै भीषण वर्ग संघर्ष चल्नेवाला छ ।

प्रतिक्रियावादमा पतन भइसकेको अण्डरलाइन नेपाल कम्युनिस्ट पार्टी फासीवादी बनेर भिषण दमनमा उत्रने छ । किनकि लेनिनले भन्नुभएको छ कि "दक्षिणपन्थी संशोधनवादमा पतन भइसकेपछि *...बाँकी ७ पेजमा*

## प्रचण्डले...

विचार विमर्श र सैद्धान्तिक वैचारिक लाइनका कुरा सकिए । संझौता र भाग बण्डाको परिपाटी स्थापित गरिसकेपछि सैद्धान्तिक र वैचारिक कुराहरू सकिए । आमूल परिवर्तनको विचार त दुवै नेता र दुवै पार्टीमा थिएन । अन्डरलाइन नेपाल कम्युनिष्ट पार्टीमा पनि त्यसको 'जिन' सम्म रहने छैन नै । केवल गणितीय जोडघटाऊ वा भागबण्डा नै एकताको आधार र मापदण्ड बनेको छ । एमालेले भन्ने गरेको मदन भण्डारीले दस्तावेजीकरण गरेको बहुदलीय जनवाद र माओवादी केन्द्रले भन्ने गरेको बाबुराम भट्टराईले दस्तावेजीकरण गरेको एक्काइसौं शताब्दीको जनवाद एकता विशेष महाधिवेशनमा टुङ्गो लगाइने भनिएको छ ।

अब हुने यो अधिवेशनमा प्रचण्डले पैसाको खोलो बगाउने र ओलीले दोहोलो काढ्ने योजनामा छन् । कतै ठूला नेताहरू नै पाखा लाग्न नपरोस् भनेर संझौता र समझदारीको भाषा पनि राखिएको छ । टीका थापेपछि प्रचण्डले विगतको छोटो समीक्षा गरे हुनन् पनि ।

मूलतः २०४८ सालबाट जनयुद्धको तयारीदेखि मोहन वैद्य किरणलाई सिलगुढीको जेलमा नहालिंदासम्म प्रचण्डलाई उनैले नै डोऱ्याएका थिए । र, जनयुद्ध रणनीतिक प्रत्याक्रमणको तयार ीसम्म पुग्न सकेको थियो । तर किरणलाई जेलमा हालिएपछि प्रचण्ड निकै लकपकाएका थिए । एकातिर दिल्लीसँग आत्मसमर्पणका लागि सुलह गर्न थाले भने अर्कोतिर टनेल वार भनेर कार्यकर्ता र जनतालाई झुक्याउन थाले । अन्ततः घचक्क घुँडा टेके दिल्लीका अघिल्तिर ।

बाबुराम भट्टराईले उनलाई डोऱ्याउन थाले । दिल्लीको सुलह सफल भयो । त्यसपछि निरन्तर र मूलतः चुवाङ बैठकपछि बाबुराम भट्टराईले प्रचण्डलाई डोऱ्याउँदै वर्तमान संविधान लेखनसम्म ल्याइपुऱ्याए ।

बाबुरामले डोऱ्याउन थालेदेखि नै प्रचण्डलाई नेतृत्व हस्तान्तरण गर्न पनि बारम्बार भनिरहे । संविधान लेखनसँगैपछि बाबुरामलाई नेतृत्व हस्तान्तरण गर्ने बाबुराम-प्रचण्डबीच सहमति भएको पनि थियो । तर प्रचण्ड नेतृत्व हस्तान्तरणमा सहज देखिएनन् । त्यसपछि बाबुरामले पार्टी (माओवादी केन्द्र) छाडेर नयाँ शक्ति नामक भिन्न पार्टी खोल्न पुगे ।

यहाँ गहिराइका साथ बुझ्नु पर्ने कुरा के हो भने किरणको स्वभाव सामूहिकता, सामूहिक नेतृत्व र जनवादी केन्द्रीयता र सिद्धान्तनिष्ठतामा जोड दिने प्रकृतिको छ । तर प्रचण्डको भने व्यक्तिवादी, एकल नेतृत्व, स्वेच्छाचारिता र हिरोइज्ममा विश्वास गर्ने प्रकृतिको छ । उनी मूलतः 'क्यारियरिस्ट' हुन् ।

किरण अर्कोलाई नेता बनाएर आफूपछाडि बसेर पनि पूर्ण सहयोग गर्ने धैर्यता छ । प्रचण्डमा त्यो राजकीय गुण छैन । उनलाई जानिनजानी अगुवा नै हुनुपर्छ ।

बाबुराम सारमा 'डेमोक्र्याट' हुन् । तर पनि उनी लामो र कठीन नेपाली वर्गसंघर्षमा हामफाले । निरन्तर फरक मत राख्दै आए । सँगै रहँदासम्म प्रचण्ड बाबुरामसँग निकै तर्सन्थे र मलाई खाइदिन्छ भनेर बारम्बार राजनीतिक आक्रमण गरिरहन्थे । पढाइमा बाबुराम कहिल्यै पनि दोस्रो भएका थिएनन् । त्यसैले प्रचण्डले उनलाई 'नेभर सेकेण्ड' को व्यक्तिवादी सोंच भन्दै कार्यकर्ताको कानमा राखिदिइरहन्थे । यो राजनीतिक आक्रमणले क्रान्तिकारीहरूलाई प्रचण्ड 'महान् नै छन्' भन्ने भ्रम पारिरहन्थ्यो । अर्कोतिर बाबुरामलाई तह लगाउन प्रचण्डलाई आरोप भन्दा अर्को सहारा पनि त थिएन । जनवादी र समाजवादी विचारको स्तरबाट प्रचण्डले बाबुरामको 'डेमोक्र्याट' लाइनलाई खण्डन गर्न सक्दैनथे । बाबुराम किरणको वैचारिक स्तर, तर्क र खण्डनबाट मात्र ठण्डाराम पर्थे । यो प्रचण्डका लागि राहत र मल्हमपट्टी सरह हुन्थ्यो ।

विचारमा क्रान्तिकारी, नवसंशोधनवादी तथा दक्षिणपन्थी जनविरोधी हुँदै सांगठनिक रूपमा अन्डरलाइन नेपाल कम्युनिस्ट पार्टी बन्दासम्म प्रचण्डले आफ्नो जीवनमा तीन फरक विचार, तीन फरक वैचारिक कार्यदिशा र तीन फरक नेताहरू आफ्ना गुरुका रूपमा स्वीकार गर्न पुगेका छन् । दुईजना उपयुक्त क. किरण र क. बाबुराम अनि तेस्रोमा केपी पर्छन् । तेस्रो गुरुको मात्र एउटै उखानटुक्काले प्रचण्डका हजार शब्द स्वाहा हुन्छ । प्रचण्डका हजार भाषण र वक्तव्यबाजी ओलीको टीका फुकाउँदाको आशीर्वादले साम्य पारिदिन्छ । जग एक खालको र घर अर्कैखालको बनाउँदै जाने प्रचण्ड प्रवृत्तिले गर्दा उनको र उनका सहयात्रीहरूको भविष्य नामेट हुन नब्बे सालको भूकम्प दोहोरिएर आउनु पर्ने देखिदैन ।

# 'कम्युनिष्ट क्रान्तिकारीहरू एकजुट हुने बेला आयो'



बुटवल । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य परि थापाले छरिएर रहेका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू एकजुट हुनुपर्ने बेला आएको बताउनुभएको छ । उहाँले एमाले-माकेमा रहेका इमान्दार क्रान्तिकारी शक्तिहरूलाई पार्टीमा एकीकरण र ध्रुवीकरण हुन पनि आग्रह गर्नुभयो । क्रान्तिकारी युवा लिग-नेपाल,कपिलवस्तुले आइतबार चार नम्बरमा आयोजना गरेको युवा मार्चपास कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सो विचार व्यक्त गर्नुभएको हो । एमाले-माकेको एकताले संसदवादी र क्रान्तिकारी धारको कित्ताकाट भएको बताउनुभयो । देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपालका सचिव समेत रहनुभएका उहाँले राष्ट्रघात र जनघातका विरुद्ध आवाज उठाउन युवाहरूलाई निर्देशन दिनुभयो । कार्यक्रममा पार्टीका पोलिटव्यूरो सदस्यद्वय सीताराम तामाङ, केबी गुरुङ, केन्द्रीय सदस्यहरू धनेश्वर पोखेल, भुपेन्द्र न्यौपाने, समिर केसी, चन्द्रप्रसाद पोखेल, शौरभ शाक्य लगायतले बोल्नुभएको थियो । यसैबीच ५ नम्बर प्रदेश स्तरीय युवा प्रशिक्षण कपिलवस्तुको चार नम्बरमा आइतबार सम्पन्न भएको छ । प्रशिक्षण जेष्ठ २ गतेबाट शुरु भएको हो । त्यस्तैं प्रशिक्षण पश्चात सम्पन्न भएको भेलाले दिलबहादुर कठायतको अध्यक्षतामा १३ सदस्यीय क्रान्तिकारी युवा लिग-नेपाल ५ नम्बर प्रदेश समिति गठन गरेको छ ।

# माओवादीको आक्रमणमा ६ जना भारतीय सुरक्षाकर्मीको मृत्यु

एजेन्सी । भारतको छत्तिसगढ राज्यको दन्तेवाडा जिल्लाको चोलनार भन्ने ठाउँमा भारतीय कम्युनिस्ट पार्टी (माओवादी) का छापामारहरूले थापेको ल्यान्ड माइनमा परेर आइतबार छत्तिसगढ सशस्त्र फौजका ४ जना र जिल्ला प्रहरी फोर्सका २ जनाको ठाउँको ठाउँ मृत्यु भएको र एक जना मरणासन्न अवस्थामा रहेको कुरा भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

माइनमा परेर गाडी हावामा उडेको र छापामारहरूले दुइटा एके-४७, दुइटा इन्सास र चारवटा अटोम्याटिक राइफल कब्जा गरेको र हेलिकप्टरबाट उचारका लागि रायपुर लगेका जवानको स्थिति नाजुक रहेको कुरा पनि समाचारमा उल्लेख गरिएको छ । अपरेसनमा हिँडेका फोर्सका लागि सामग्री बोकेर गएको ट्रकको सुरक्षाका लागि स्कर्टिङमा गएको जिप एम्बुसमा परेको कुरा पनि समाचारमा उल्लेख गरिएको छ ।

यही २२ तारिखमा छत्तिसगढ राज्यका मुख्य मन्त्रीको त्यस क्षेत्रमा भ्रमण हुन लागेको बेलामा भएको यस घटनापछि राज्य सरकारले हेलिकप्टरबाट त्यस क्षेत्रमा थप फोर्स पठाएको कुरा पनि समाचारमा जनाइएको जनमेल डटकमले उल्लेख गरेको छ ।

Gulf®

गल्फ लुब्रिकेन्ट सधैं प्रयोग गरौं ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।